# जिल्लास्तरबाट नदीजन्य पदार्थ संकलन र उत्खनन् कार्यका लागि गरिने प्रारम्भिक वातावरणीय परीक्षणको कार्यसूची तथा प्रतिवेदन स्वीकृतिसम्बन्धी मार्गदर्शन,

# २०७३

नेपाल सरकार
संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय
सिंहदरवार, काठमाण्डौ

२०७३

## बिषयसूचि

प्रस्तावना
१. पृष्ठभूमि १
२. मार्गदर्शनको आवश्यकता १
३. प्रारम्भिक वातावरणीय परीक्षण : एक परिचय १
३.१.नेपालमा प्रारम्भिक वातावरणीय परिक्षणको शुरुवात १
३.२. ढुङ्गा , गिट्टी, वालुवाको संकलन तथा उत्खनन् सम्बन्धमा प्रारम्भिक वातावरणीय परीक्षण सम्बन्धी व्यवस्था २
३.३.प्रारम्भिक वातावरणीय परीक्षणका उद्देश्यहरु २
४. ढुंगा, गिट्टी र बालुवाको प्रारम्भिक वातावरणीय परीक्षण सम्बन्धि बिद्यमान कानूनी तथा नीतिगत ब्यवस्था ३
५. प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदनतयारीर स्वीकृति प्रकृया १२
५.१प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन तयारीप्रकृया १२
५.२. प्रारम्भिक वातावरणीय परीक्षणप्रतिवेदन स्वीकृति प्रक्रिया १२
६.प्रतिवेदन स्वीकृत गर्दा ध्यान दिनु पर्ने कुराहरु १३
६.१ कार्यसूची र प्रतिवेदन स्वीकृत गर्ने समय सीमा: १४
६.२ अध्ययन बिधि पुनरावलोकन १४
६.३. अध्ययन टोली १४
६.४. आधारभूत तथ्याकंहरुको संकलन १४
६.५.सामुहिक छलफल, सर्वेक्षण, सार्वजनिक सुनुवाइ १४
६.६.संकलन तथा उत्खनन् का सम्भावित प्रभावहरु र वातावरण ब्यवस्थापन योजना १४
६.७.वातावरणीय अनुगमन योजना १५
६.८. प्रतिवेदन स्वीकृतिको लागि आवश्यक कागजात १७
६.९.नक्सांकन तथा फोटो १८
६.१०.संकलनपरिणाम, तरिका तथा समय १८
६.११ मेसिन प्रयोग सम्वन्धि कार्ययोजना १८
७. विभिन्न संस्थागत ब्यवस्था २०
७.१.जिल्ला बिकास समिति (बोर्ड) २०
७.२.जिल्ला अनुगमन समिति २०
७.३.जिल्ला प्राविधिक समिति २१
७.४.पुनरावलोकन समिति २१
७.५. गुनासो सुनवाइ संयन्त्र २२
अनुसूचि २३
अनुसूचि १ : प्रारम्भिक वातावरणीय परीक्षणको कार्यसूचि र प्रतिवेदनको नमुना २४

# प्रस्तावना

जिल्ला विकास समितिको अधिकार क्षेत्रभित्र पर्ने नदी र खोलाहरुबाटढुंगा , गिट्टी र बालुवाको संकलन तथा उत्खनन् गर्ने प्रयोजनका लागि प्रारम्भिक वातावरणीय परिक्षण प्रतिवेदन तयार गर्ने एवं जिल्ला बिकास समिति (बोर्ड) बाट स्वीकृत गर्ने कार्यलाईसरलीकृत र सहजीकरण गर्ने अभिप्रायले स्थानीय स्वायत्त शासन ऐन , २०५५ को दफा २३४ को प्रावधान अनुरुप संघिय मामिला तथा स्थानीय विकास मन्त्रालयबाट यो मार्गदर्शनमिति२०७३/५/२९देखि लागूहुने गरी जारी गरिएको छ।

## १. पृष्ठभूमि

जिल्ला विकास समितिले स्थानीय स्वायत्त शासन ऐन , २०५५ को दफा २१५ तथा दफा २१८ मा ब्यवस्था भए बमोजिम ढुंगा , गिट्टी र वालुवा जस्ता प्राकृतिक स्रोत साधनमा तोकिएको दरमा नबढ्ने गरी कर लगाउन तथा विक्रि गर्न पाउने व्यवस्था रहेको छ। नदीजन्य पदार्थको संकलन तथा उत्खनन् गर्नु पूर्व वातावरण संरक्षण ऐन, २०५३ तथा नियमावली, २०५४ बमोजिम अनिवार्य रुपमा प्रारम्भिक वातावरणीय परीक्षण गर्नुपर्ने हुन्छ।

उक्तकानूनी ब्यवस्था तथा सम्मानित सर्वोच्च अदालतको मिति २०६७ साउन २१ को आदेश र नेपाल सरकारले समय समयमा गरेका निर्णयकोपालना गरी जिल्ला विकास समितिहरुले प्रारम्भिक वातावरणीय परीक्षण वा वातावरणीय प्रभाव मूल्यांकन गरेर मात्र नदीजन्य पदार्थ संकलन , उत्खनन्,बिक्री वितरण गर्न पाउने व्यवस्था रहेको छ।

प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन तयार गर्दा वातावरण संरक्षण ऐन ,२०५३ को दफा ३ एवं वातावरण संरक्षण नियमावली , २०५४ को अनुसूचि २ मा उल्लेख भएबमोजिम गर्नुपर्छ। प्रारम्भिक वातावरणीय परीक्षणप्रतिवेदनतयार गर्ने तथा स्वीकृत गर्ने सम्बन्धमा नेपाल सरकार (माननीय उपप्रधानमन्त्री तथा संघीय मामिला तथा स्थानीय विकास मन्त्रिस्तर) को मिति २०७२।११।१८ गतेको निर्णय अनुसार सम्बन्धित जिल्ला विकास समिति(बोर्ड) लाईअधिकार प्रत्यायोजन गर्ने गरी निर्णय भए अनुसार सम्बन्धित जिल्ला विकास समितिहरुबाट स्वीकृत भैरहेको छ।

जिल्ला विकास समितिहरुलाई प्रत्यायोजित अधिकार बमोजिम प्रारम्भिक वातावरणीय परीक्षणको कार्यशर्त स्वीकृत गर्ने , प्रतिवेदन तयार गर्दा पालना गर्नुपर्ने न्यूनतम मापदण्ड , प्रतिवेदनको ढाँचा तथा स्वीकृत गर्ने प्रक्रिया लगायतका विषयमा सहजीकरण गर्न यो मार्गदर्शन जारी गरिएको छ।

## २. मार्गदर्शनको आवश्यकता

प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन स्वीकृत गर्ने प्रकृया र प्रतिवेदनमा हुनुपर्ने न्यूनतम् विषयहरु सम्बन्धी जानकारी गराउन तथा सबै जिल्ला विकास समितिहरुबाट स्वीकृत हुने प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदनको एकरुपता कायम गर्न यो मार्गदर्शन उपयोगी हुनेछ। यस मार्गदर्शनमा प्रारम्भिक वातावरणीय परिक्षण बारेमा जानकारी ,आवश्यक पर्ने अध्ययन समूह , सो प्रतिवेदन स्वीकृत गर्ने चरणहरु , स्वीकृत गर्दा ध्यान दिनु पर्ने न्यूनतम विषयहरु , सो सम्बन्धी प्रचलित कानूनी व्यवस्था , अदालतबाट भएको फैसला , मन्त्रालयबाट यस अघि भएका निर्देशन, परिपत्र, मेशिन प्रयोगको कार्ययोजना आदि विषयहरु समेटिएका छन्।

## ३. प्रारम्भिक वातावरणीय परिक्षण : एक परिचय

“प्रारम्भिक वातावरणीय परीक्षण” भन्नाले कुनै प्रस्ताव कार्यान्वयन गर्दा सोप्रस्तावले वातावरणमा उल्लेखनीय प्रतिकूल प्रभाव पार्ने वा नपार्ने , त्यस्तोप्रभावलाई कुनै उपायद्वारा हटाउन वा कम गर्न सकिने वा नसकिने सम्बन्धमायकिन गर्न तयार गरिने विश्लेषणात्मक अध्ययन तथा मूल्यांकन सम्बन्धीप्रतिवेदन सम्झनुपर्छ।

### ३.१.नेपालमा प्रारम्भिक वातावरणीय परिक्षणको शुरुवात

नेपालमा बि.सं. २०४७ पश्चात प्रारम्भिक वातावरणीय परीक्षणतथा वातावरणीय प्रभाव मूल्याङ्कनला गू गर्न अपरिहार्य ठानि सर्वप्रथम राष्ट्रिय वातावरणीय प्रभाव मूल्याङ्कन निर्देशिका , २०५० जारी भएको थियो। त्यसपछिवन क्षेत्रको वातावरणीय प्रभाव मूल्याङ्कन निर्देशिका, २०५२ तथा उद्योग क्षेत्रको वातावरणीय प्रभाव मूल्याङ्कन निर्देशिका, २०५२ जारी गरिएको थियो। नेपाल सरकारले वातावरण संरक्षण ऐन , २०५३ तथा वातावरण संरक्षण नियमावली, २०५४ लागू भए पछि IEE तथा EIA गर्ने अनिवार्य कानूनी व्यवस्था भएको हो ।

## ३.२. ढुङ्गा , गिट्टी, वालुवाको संकलन तथा उत्खनन् सम्बन्धमा प्रारम्भिक वातावरणीय परीक्षण सम्बन्धी व्यवस्था

वातावरण संरक्षण ऐन , २०५३ तथा वातावरणीय संरक्षण नियमावली , २०५४ अनुसार नदीजन्य पदार्थको संकलन तथा उत्खनन् सम्बन्धमा अनु सूची २ खण्ड (इ) को उपखण्ड २ (ज)वमोजिम को कार्यका लागि प्रारम्भिक वातावरणीय परीक्षण गराई सम्बन्धित निकायबाट स्वीकृति लिनुपर्नेहुन्छ। ढुङ्गा , गिट्टी, वालुवाको संकलन तथा उत्खनन् गर्दाभौतिक , जैविक, सामाजिक, आर्थिक तथा साँस्कृतिक क्षेत्रमा पर्ने नकारात्मक असरहरुलाइ न्युनीकरण ग री सकारात्मक असरहरुको बढोत्तरीका उपायहरु सुझाव गर्न प्रारम्भिक वातावरणीय परीक्षणको अध्ययनआवश्यक देखिन्छ। जसबाट व्यवस्थित तवरले नदीजन्य पदार्थ संकलन तथा उत्खनन् गरी भौतिक पूर्वाधारको लागि आवश्यक कच्चा पदार्थको उपलब्धता सहज हुन्छ।

## ३.३. प्रारम्भिक वातावरणीय परीक्षणका उद्देश्यहरु

### ३.३.१.प्रारम्भिक वातावरणीय परीक्षणको कार्यसूचिकाउद्देश्यहरु :

प्रारम्भिक वातावरणीय परीक्षण तयार पार्नु अघि सोको कार्यसूची तयार पार्नुपर्ने हुन्छ। जसको उद्देश्य प्रारम्भिक वातावरणीय परीक्षण गर्दा अध्ययन गरिनुपर्ने बिषयहरु पत्ता लगाउने , अध्ययनका लागि कार्य निर्देशन तयार पार्ने ,सम्बन्धित नीति , नियम र कानुनहरुको छनौट गर्ने , अध्ययनको क्षेत्र निर्धारण गर्ने र अध्ययनका लागि समयरेखाको निर्धारण गर्ने रहेको हुन्छ।

### ३.३.२.प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदनका उद्देश्यहरु :

प्रारम्भिक वातावरणीय परीक्षणको उद्देश्यविद्यमान तथा सम्भावित संकलन तथा उत्खनन् क्षेत्रको अभिलेखीकरण गर्ने, वातावरणमैत्री रुपले संकलन तथा उत्खनन् हुनसक्ने नदीजन्य पदार्थको परिमाण तय गर्ने एवं प्रस्तावित संकलन तथा उत्खनन् कार्यले गर्दा भौतिक , जैविक, सामाजिक, आर्थिक तथा साँस्कृतिक वातावरणमा पर्ने मुख्य असरहरुको पहिचान गर्ने तथा नकारात्मक प्रभावको न्यूनीकरणका उपायहरु र सकारात्मक प्रभाव बढोत्तरी का उपायहरुबारे सुझाव दिनुका साथै वातावरणीय व्यवस्थापन योजना वनाई कार्यान्वयनमा सहयोग पुर्याउनु हो।

## ४. ढुंगा गिट्टी तथा बालुवाको प्रारम्भिक वातावरणीय परिक्षण सम्बन्धी बिद्यमान कानूनी तथा नीतिगत व्यवस्था:

| **ऐन/नियमावली /कार्यविधि** | **मुख्य मुख्य प्रावधानहरु** |
| --- | --- |
| वातावरण संरक्षण ऐन,२०५३ | दफा ३<br><br>प्रस्तावकले तोकिए बमोजिमका प्रस्तावहरुको प्रारम्भिक वातावरणीय परीक्षण तथा वातावरणीय प्रभाव मूल्यांकन गर्नु पर्नेछ। |
| वातावरण संरक्षण नियमावली, २०५४ | नियम ३. प्रारम्भिक वातावरणीय परीक्षण गर्नुपर्ने<br><br>प्रस्तावकले अनुसूची–१ मा उल्लेख भएका प्रस्तावहरूको प्रारम्भिक वातावरणीय<br><br>परीक्षण गर्नु पर्नेछ।<br><br>नियम४<br><br>(१) वातावरणीय प्रभाव मूल्याङ्कन गर्नु पर्ने कुनै प्रस्तावको सम्बन्धमा प्रस्तावकले प्रस्ताव कार्यान्वयन हुने गाउँ विकास समिति वा नगरपालिका तथा त्यस क्षेत्रका विद्यालय अस्पताल, स्वास्थ्य चौकी तथा सरोकारवाला व्यक्ति वा संस्थालाई सो प्रस्तावको कार्यान्वयनबाट वातावरणमा पर्न सक्ने प्रभावको सम्बन्धमा लिखित सुझाव दिनको लागि पन्ध्र दिनको अवधि तोकी राष्ट्रिय स्तरको कुनै एक दैनिक समाचारपत्रमा सूचना प्रकाशन गर्नु पर्नेछ।<br><br>(२) उपनियम (१) बमोजिमको सूचना प्रकाशित भएपछि सो सम्बन्धमा कसैको राय सुझाव भए त्यसरी सूचना प्रकाशन भएको मितिले पन्ध्र दिनभित्र सम्बन्धित प्रस्तावकलाई आफ्नो राय सुझाव दिन सकिनेछ। यसरी राय सुझाव दिनेले त्यसको जानकारीसम्बन्धित निकायलाई समेत दिन सक्नेछ।<br><br>(३) उपनियम (२) बमोजिम प्राप्त राय सुझाव समेत संलग्न गरी प्रस्तावकले<br><br>सो प्रस्तावको कार्यान्वयनबाट वातावरणको के कस्तो क्षेत्रमा कस्तो प्रभाव पर्दछ सो उल्लेख गरी क्षेत्र निर्धारणको लागि सम्बन्धित निकाय समक्ष निवेदन दिनु पर्नेछ। |

| | |
|---|---|
| | (४) उपनियम (३) बमोजिम निवेदन प्राप्त भएपछि सम्बन्धित निकायले<br><br>निवेदनसाथ संलग्न कागजात जाँचबुझ गरी क्षेत्र निर्धारण सम्बन्धमा आफ्नो राय<br><br>सहित सो निवेदन मन्त्रालयमा पठाउनु पर्नेछ।<br><br>(५) उपनियम (४) बमोजिम क्षेत्र निर्धारणको लागि कुनै निवेदन प्राप्त भएमा<br><br>मन्त्रालयले सो निवेदनसाथ संलग्न कागजात जाँचबुझ गरी प्रस्तावित वा संशोधित रूपमा क्षेत्र निर्धारण गरी दिनु पर्नेछ।<br><br>नियम ५<br><br>(१) प्रारम्भिक वातावरणीय परीक्षण गर्नु पर्ने प्रस्तावको हकमा प्रस्तावकले सोको प्रतिवेदनको लागि अनुसूची –३ बमोजिमको ढाँचामा कार्यसूची बनाई सो कार्यसूची सम्बन्धित निकायबाट स्वीकृत गराउनु पर्नेछ।<br><br>नियम ७<br><br>(१) प्रस्तावकले नियम ५ बमोजिम स्वीकृत भएको कार्यसूचीको आधारमाअनुसूची – ५ बमोजिमको ढाँचामा प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन तयार गर्नु पर्नेछ ।<br><br>(२) उपनियम (१) बमोजिम प्रतिवेदन तयारीको सिलसिलामा प्रारम्भिक वातावरणीय परीक्षण गर्नु पर्ने प्रस्तावको सम्बन्धमा प्रस्तावकले प्रस्ताव कार्यान्वयन हुने गाउँ विकास समिति वा नगरपालिका तथा जिल्ला विकास समिति वा सरोकार राख्ने व्यक्ति वा संस्थालाई प्रस्तावको कार्यान्वयनबाट वातावरणमा पर्न सक्ने प्रभावको सम्बन्धमा प्रन्ध दिनभित्र लिखित राय सुझाव दिनको लागि सम्बन्धित गाउँ विकास समिति वा नगरपालिका , जिल्ला विकास समितिको कार्यालय , विद्यालय, अस्पताल र स्वास्थ्य केन्द्रमा सूचना टाँस गरी मुचुल्का तयार गर्नेछ र सोही बमोजिमको पन्ध्र दिने सूचना राष्ट्रिय स्तरको कुनै एक दैनिक समाचारपत्रमा समेत प्रकाशन गर्नु पर्नेछ। यसरी सूचना प्रकाशन भएपछि सो सम्बन्धमा कुनै राय सुझाव प्राप्त हुन आएमा सो राय सुझाव समेतलाई प्रतिवेदनमा समावेश गर्नु पर्नेछ।<br><br>नियम ३०. वातावरण संरक्षण क्षेत्रमा गर्न नपाइने कामः |

| | |
|---|---|
| | (ज) खानी खन्न वा कुनै खनिज पदार्थ, ढुंगा, माटो, कंक्रिट वा अन्य पदार्थ हटाउन,<br><br>अनुसूचि १<br><br>• वन क्षेत्र वा वन क्षेत्र भएर बहने नदी खोलाहरूबाट दैनिक १०० घन मिटरभन्दाबढी बालुवा, ढुङ्गा, ग्रावेल र माटो सङ्कलन गर्ने,<br><br>अनुसूचि २<br><br>• राष्ट्रिय निकुञ्ज, वन्यजन्तु आरक्ष, सीमसार र संरक्षण क्षेत्रमा प्रस्ताव कार्यान्वयन गरिने भए<br>• साधारण निर्माणमुखी ढुंगा, डेकोरेटिभ ढुंगा, बालुवा, ग्राभेल र औद्योगिक माटोको उत्खनन्का लागि दैनिक ३०० क्यूभन्दा बढी उत्खनन् कार्य गर्ने .मि .,<br>• नदीनाला सतहबाट दैनिक २५० घन मिटरभन्दा बढी बालुवा, ग्राभेल )गिर्खा माटो निकाल्ने। |
| वन ऐन, २०४९ | दफा २२<br><br>बमोजिमको वन पैदावार उपयोग गर्न, हटाउन वा बिक्री वितरण गर्न, निकासी गर्न वा ओसारपसार गर्न तोकिएको अधिकारीले तोकिए बमोजिम इजाजत दिनसक्नेछ।<br><br>(परिभाषा खण्डमा बन पैदावार भन्नाले बन क्षेत्र भित्रको चट्टान, माटो, ढुंगा, गिट्टी, बालुवा, समेत बुझिने उल्लेख भएको) |
| खानी तथा खनिज पदार्थ ऐन , २०४२ | परिभाषा खण्डमा खनिज पदार्थ भन्नाले जमीनको सतह वा भूगर्भभित्र पाइने पेट्रोलियम र ग्याँसपदार्थबाहेक कुनै निश्चित भौतिक गुण तथा तत्वको रासायनिक सम्मिश्रणयुक्त अप्राङ्गारिक(इनअर्गानिक) पदार्थ सम्झनुपर्छ भनि उल्लेख भएको।<br><br>दफा ३<br><br>नेपालभित्र निजी वा सरकारी स्वामित्वमा रहेको जुनसुकै जमीनको सतह वा भूगर्भभित्र रहेको वा पाइएको सम्पूर्ण खनिज पदार्थ नेपाल सरकारको सम्पत्ति हुनेछ। |

| | |
|---|---|
| | दफा १२(४)<br><br>१) विभागले राष्ट्रिय सुरक्षा , सार्वजनिक हित वा ऐतिहासिक महत्वको दृष्टिकोणबाट कुनै क्षेत्रलाई खनिज कार्यको लागि निषेधित क्षेत्र घोषित गर्न वा कुनै क्षेत्रको सम्बन्धमा विशेष शर्तहरु तोकी खनिज कार्य गर्ने अनुमति दिन सक्नेछ।<br><br>२) सर्वसाधारणले निजी प्रयोगको निमित्त उपयोग गरी आएको प्रचलनमा प्रतिकूल असर नपर्ने गरी नेपाल सरकारले निर्माण कार्यको प्रयोगमा आउने साधारण माटो , ढुंगा र बालुवा जस्ता खनिज पदार्थका सम्बन्धमा तोकिएबमोजिम छुट्टै व्यवस्था गर्न सक्नेछ।<br><br>दफा १९<br><br>अनुमति प्राप्त व्यक्तिले रोयल्टीको आधारमा तोकिएको दरमा तोकिएको निकायमा स्थानीय विकास शुल्क बुझाउनु पर्नेछ। |
| स्थानीय स्वायत्त शासन ऐन , २०५५ | दफा २१५<br><br>(२) जिल्ला विकास समितिले जिल्ला विकास क्षेत्रमा तोकिएको दरमा नबढ्ने गरी जिल्ला परिषद् बाट पारित दरमा उन, खोटो, जडिवुटी, वनकस (खर) कवाडी माल, ढुङ्डा, स्लेट, वालुवा तथा प्रचलित कानून बमोजिम निषेधित जीवजन्तु बाहेक अन्य मृत जीवजन्तुको हाड , सिंग, प्वा“ख, छाला आदि र तोकिए बमोजिमका अन्य वस्तुमा कर लगाउन सक्नेछ।<br><br>(३) उपदफा (२) बमोजिमको करबाट प्राप्त रकम मध्ये ३५ – ५०) सम्म रकम सम्बन्धित गाउ“ विकास समिति र नगरपालिकालाई दिनु पर्नेछ।<br><br>दफा २१८<br><br>जिल्ला विकास समितिले आफ्नो क्षेत्रभित्रका नदीनालाको बालुवा , गिटी, ढुँगा,स्लेट, माटो दहतर वहतर आदि तोकिएबमोजिम बिक्री गर्न सक्नेछ। यसरी बस्तुहरूकोबिक्रीबाट प्राप्त रकममध्ये ३५–५० प्रतिशत सम्म रकम सम्बन्धित गाउँ विकास समितिर नगरपालिकालाई दिनुपर्नेछ। |
| स्थानीय स्वयत्त शासन | नियम २१०<br><br>जिल्ला विकास समितिले देहायको व्यवस्थाको अधीनमा रही ऐनको दफा २१८ बमोजिम नदीनालाको बालुवा , गिट्टी, ढुङ्गा, स्लेट, माटो, दहत्तर वहत्तर आदिबिक्री |

| | |
|---|---|
| नियमावली, २०५६ | गर्न वा गराउन सक्नेछ ।<br><br>(क) नेपाल सरकारको सम्बन्धित निकायले जिल्लाभित्रको कुनै स्थलबाट माटो , बालुवा,गिट्टी, ढुङ्गा आदि उत्खनन् गर्न वा खानी संचालन गर्न वा नदी वा नदीकिनाराबाट त्यस्ता वस्तु झिक्न वातावरणीय दृष्टिकोणले उपयुक्त नहुने भनी प्राविधिक प्रतिवेदन सहित लेखि पठाएमा वा त्यसरी उत्खनन् गर्दा वा खानी संचालन गर्दा वातावरणीय दृष्टिकोणले उपयुक्त नहुने भनी सम्बन्धित गाउँ विकास समिति वा नगरपालिका वा जिल्ला विकास समितिले महशुस गरी प्राविधिक अध्ययन प्रतिवेदन सहित लेखि पठाएमा त्यस्तो खानी संचालन तथा भू उत्खनन् कार्य तुरुन्त बन्द गर्नु पर्नेछ ।<br><br>(ख) सम्बन्धित निकायको स्वीकृति बिना सरकारी वन तथा राष्ट्रिय वन सीमाभित्रको कुनै पनि ठाउँको माटो , ढुङ्गा, बालुवा, रोडा उत्खनन् गर्न वा झिक्न वा खानी संचालन गर्नु गराउनु हुदैन र नदी खोलाले बगाई ल्याएको दहत्तर वहत्तर आदि वन सीमाभित्र नै अड्की बसेको भए त्यस्तो दहत्तर वहत्तर पनि झिक्न , उठाउन वा बिक्री वितरण गर्न पाउने छैन ।<br><br>अनुसूची २३<br><br>जिल्ला विकास समितिले जिल्ला परिषदले तोके बमोजिम ढुगां , गिट्टि, बालुवा, ग्राभेल र रोडा (निजी जग्गामा उत्पादित समेत) लाई प्रति क्युफिट न्युनतम रु १।५० र अधिकतम रु. २।– सम्म निकासी कर लगाउन सक्ने ।<br><br>अनुसुची २५<br><br>जिल्ला विकास समितिले देहाय बमोजिमको सिफारिस दस्तुर (विदेश निकासीका लागि) लगाउन पाउने<br><br>क) गिट्टीप्रति ट्रिपरु. १०००।–<br><br>ख) वालुवाप्रति ट्रिपरु. १०००।– |
| चुरे क्षेत्रका नदी/खोलाबाट नदीजन्य पदार्थ | यस कार्यविधिले देहायका चार अवस्थामा तोकिएको प्रकृया पुरा गरि चुरे संरक्षण क्षेत्रबाट नदीजन्य पदार्थ हटाउन सकिने ब्यवस्था गरेको छ ।<br><br>• जोखिम न्युनिकरणको लागि हटाउनु पर्ने अवस्था |

| | |
|---|---|
| हटाउने वा संकलन उत्खनन् कार्यको स्वीकृति सम्वन्धीकार्यविधि , २०७१ | • नदी प्रणालीबाट ब्यवसायिक उत्खनन्, संकलन गर्ने अवस्था<br>• चुरे संरक्षणको कार्यक्रम कार्यान्वयनको लागि स्थानीय रुपमा वातावरणीय सन्तुलन नविग्रने गरी उत्खनन् संकलन गर्न स्वीकृति दिन सकिने अवस्था<br>• घरायसी खपत र जिविकोपार्जन संग सम्वन्धीत अवस्था |
| सर्वोच्च अदालतको फैसला तथा मन्त्रिपरिषदका मुख्य निर्णयहरु | |
| ढुङ्गा, गिट्टी, वालुवा तथा मिस्कट संकलन सम्बन्धमा सर्वोच्च अदालतको फैसला | प्राकृतिक स्रोत र साधनको बचाउ गर्नका लागिसम्मानित सर्वोच्च अदालतमा दायर्र भएको रिट निवेदनको सुनुवाईको सन्दर्भमा सम्मानित सर्वोच्च अदालतबाट मिति २०६७श्रावण २१ गते एउटा महत्वपूर्ण आदेश जारी भएको थियो। सो आदेशमाढुङ्गा , बालुवा आदि प्राकृतिक स्रोत हुन्। प्राकृतिक स्रोत Public Trust Doctrine अनुसार कुनै व्यक्तिको Ownership मा हुन सक्दैन। प्राकृतिक स्रोत सबै नेपालीको Common Benefits र सार्वजनिक हित हुने काममा मात्र प्रयोग हुन सक्दछ।प्राकृतिक स्रोतको संकलन तथा उत्खनन् प्रयोग आदि गर्दा विद्यमान प्रचलित कानून अनुसार वातावरणमा कुनै प्रकारको प्रतिकुल प्रभाव नपर्ने गरी मात्र गर्नुपर्नेछ। अब यस्ता उद्योग सञ्चालन गर्ने इजाजत दिनु अगाडी सरकार आफैले विशेषज्ञ टोलीद्धारा उद्योग स्थापना गर्न इच्छुक प्रस्तावकको प्रस्तावमा Field visit समेत गराई प्रतिवेदन लिई सरकारले गठन गरेको टोलिले दिएको राय अनुसार कति हदसम्म ढुङ्गा , रोडा, बालुवा झिक्न दिंदा वातावरणीय सन्तुलन विग्रदैन हेरी त्यति हदसम्म मात्र रोडा, ढुङ्गा झिक्न अनुमति दिनु लगाय अन्य महत्वपूर्ण ब्यवस्था गरेको। |
| नेपाल सरकार मन्त्रिपरिषद्को मिति २०७०/५/१७ को निर्णय | वन, राष्ट्रिय निकुञ्ज, आरक्षको मध्यवर्ति क्षेत्र तथा चुरे श्रृङ्खला आसपास क्षेत्र एवं अन्य संवेदनशिल क्षेत्रबाट ढुङ्गा , गिट्टी, बालुवा उत्खनन् गर्दा डोजर, स्क्याभेटर, लोडर जस्ता हेभी इक्यूपमेन्ट प्रयोग गर्न नपाइने कुरा उल्लेख भएको। अन्य क्षेत्रको हकमा स्वीकृत IEE/EIAप्रतिवेदनमा उल्लेख भए बमोजिमका मेशिन औजार प्रयोग गर्ने आदी निर्णय भएको। |
| नेपाल सरकार मन्त्रिपरिषद्कोमिति २०७१।३।२ | चुरे क्षेत्रवाट चट्टान, माटो, ढुङ्गा, गिट्टि, बालुवा संकलन तथा उत्खनन् गरी नेपाल बाहिर निकासी गर्न बन्देज लगाउने लगायतका निर्णय भएको। |

| | |
|---|---|
| को निर्णय | |
| नेपाल सरकार मन्त्रिपरिषद्कोमिति २०७१।४।११ को निर्णय | बाढी पहिरोले थुपारेको ढुङ्गा , गिट्टी, बालुवा, गेग्रान आदि हटाउनु पर्ने अवस्थाका नदी प्रणालीहरूको जिल्ला अनुगमन समितिले एकिन गरी नेपाल सरकारको साविकको निर्णय बमोजिम तोकिएको कार्यविधि पालना गरी उत्खनन् , संकलन र प्रशोधन गरी आन्तरिक माग पूर्तिमा लगाउने , ढुङ्गा, गिट्टी, बालुवो ो संकलन तथा उत्खनन् गर्ने काम र सोको प्रशोधन तथा बिक्री वितरण गर्ने कामलाई पृथकीकरण (Unbundlling)गरी त्यसरी उत्खनन् तथा संकलन गर्ने , नेपाल सरकारबाट विभिन्न मितिमा ढुङ्गा , गिट्टी, बालुवा संकलन व्यवस्थापन र नियमन सम्बन्धमा भएका नीतिगत निर्णय समेटी एकीकृत निर्देशिका विज्ञान , प्रविधि तथा वातावरण मन्त्रालयले तयार गर्ने लगायतका निर्णयहरु भएको। |
| केन्द्रिय अनुगमन समितिको मिति २०७१।४।२३ को निर्णय | यससमितिको १० औं बैठकले नदिजन्य पदार्थ नहटाएमा प्रकोप हुन सक्ने खतरादेखिएमा दैविक प्रकोप उद्धार समितिले हटाउनु पर्ने स्थान र अवधि निश्चित गरी हटाउन सिफारिस गरेमा जिल्ला अनुगमन समितिले तत्काल हटाउने लगायतका निर्णय गरेको । |
| केन्द्रिय अनुगमन समितिको मिति २०७१।५।१० को निर्णय | यस समितिको ११औं बैठकले घाटगद्धी गर्ने स्थानहरु जिल्ला अनुगमन तथा समन्वय समितिले निश्चित गर्ने , नदीजन्य पदार्थको कृतिम अभाव गरी मूल्य वृद्धी गर्नेलाई प्रमुख जिल्ला अधिकारीले कारवाही गर्ने लगायतका निर्णयहरु भएको । |
| नेपाल सरकार (माननीय उपप्रधान तथा संघिय संघिय मामिला तथा स्थानीय बिकास | प्रारम्भिक वातावरणीय परिक्षणको कार्यसूचि तथा प्रतिवेदनहरु स्वीकृत गर्ने अधिकार जि.वि.स बोर्डलाई प्रत्यायोजन गरेको ।<br><br>जिल्ला स्तरीय IEE पुनरावलोकन तथा सिफारिशको लागिनिम्न पदाधिकारी रहेको एक समिति रहने<br><br>जिल्ला प्राविधिक कार्यालय प्रमुख संयोजक<br><br>जिल्ला बिकास समितिले तोकेको जिल्ला बन कार्यालय वाभू संरक्षण कार्यालय वा जिल्ला स्थित सरकारी कार्यालयको वातावरण संग सम्बन्धित अधिकृत स्तरको |

| | |
|---|---|
| मन्त्री स्तर) बाट मिति २०७२।११।१८ गतेको निर्णय | अधिकृत स्तरको कर्मचारी प्रतिनिधि सदस्य<br><br>जिल्ल प्रशासन कार्यालय अधिकृत प्रतिनिधि सदस्य<br><br>योजना अनुगमन तथा प्रशाशकिय अधिकृत सदस्य<br><br>जि.विसले तोकेको भूगर्भबिद सदस्य<br><br>जि.वि.स राजश्व शाखा प्रमुख सदस्य<br><br>जि.वि.सको वातावरण, उर्जा तथा जलवायु परिवर्तन शाखा प्रमुख सदस्य स चिव |
| नेपाल सरकार, जनसंख्या तथा वातावरण मन्त्रालयद्वारा मिति २०७२ बैशाख २० गते नेपाल राजपत्रमा प्रकाशित सूचना | वातावरण संरक्षण नियमावली, २०५४ को नियम ५४ को अधिकार प्रयोग गरी सो नियमावलीको अनुसूची-२ मा मा हेरफेर भएको<br><br>**खण्ड (इ) को उपखण्ड (२) को (ज) मा प्रतिवन्धात्मक वाक्यांश थप**<br><br>"तर नदि नाला सतहबाट विकास निर्माणका लागि आवश्यक पर्ने रोडा, ढुंगा, बालुवा, गिट्टी, ग्राभेल (गिर्खा), माटो निकाल्नको लागि प्रारम्भिक वातावरणीय परिक्षण मात्र गरे पुग्नेछ।"<br><br>**खण्ड (अ:) मा प्रतिवन्धात्मक वाक्यांश थप**<br><br>**"तर राष्ट्रिय** निकुन्ज, वन्यजन्तु आरक्ष, सीमसार र संरक्षण क्षेत्रको नदी नाला सतहबाट विकास निर्माणको लागि आवश्यक पर्ने रोडा, ढुंगा, वालुवा, गिट्टी, ग्राभेल (गिर्खा), माटो निकाल्नको लागि प्रारम्भिक वातावरणीय परिक्षण मात्र गरे पुग्नेछ।" |

| | |
|---|---|
| केन्द्रिय अनुगमन समितिको<br><br>मिति २०७३।०२।२७को निर्णय | नेपाल सरकार मन्त्रिपरिषदको मिति २०७०।३।२७ को निर्णयले गर्दा वन , रास्ट्रिय निकुन्ज, आरक्षको मध्यवर्ती क्षत्र तथा चुरे शृंखला आसपास क्षत्र एबं अन्य संबेदनशील क्षेत्रहरु बाहेक अन्य क्षेत्रहरुमा dozer, Excavetor जस्ता हेवी equipmentIEE प्रतिबेदनमाउल्लेखभएकोखण्डमाप्रयोगगर्नरोकनलगाएकोहुँदासोहिबमोजिमगर्नगराउनजिल्लाअनुगमनसमितिरजिल्लाविकाससमितिकोकार्यालयलाईअधिकारप्रत्यायोजनगरिएको<br><br>नेपाल सरकार (मन्त्रिपरिषद)को मिति २०७०।३।२७ को निर्णयअनुसार राजमार्ग, खेतबारी, गाउँबस्ती, बजार, पुल जस्ता सार्बजनिक महत्वका क्षेत्रमा बाढी, पहिरोले थुपारेको ढुंगा, गिट्टी, वालुवा, ग्रावेल हटाउनु पर्ने भएमा जिल्ला विकास समितीको कार्यालयले संबन्धित निकायहरुसंग समन्वय गरी आवश्यकता अनुसार मेशिनरी औजार, समेत प्रयोग गरी हटाई ब्यबस्थापन गर्न सक्ने भएकोले सोहि बमोजिम गर्न गराउन जिल्ला अनुगमन समिति र जिल्ला विकास समितिको कार्यालयलाई अधिकार प्रत्यायोजन गरिएको |
| केन्द्रिय अनुगमन समितिकोमिति २०७३।०३।०७<br><br>को निर्णय | आ.व. ०७३।७४ मा पनि नदीजन्य पदार्थको संकलन तथा उत्खनन् सम्बन्धी आइ.इ.इ प्रतिवेदन स्वीकृत गर्ने अधिकार जि.वि.स बोर्डलाइ प्रत्यायोजन गर्न सिफैरिस गरिएको।<br><br>प्रारम्भिक वातावरणीय परिक्षण प्रतिबेदनले सिफारिस गरेको समय , विधि र प्रक्रिया अपनाई प्रतिबेदनले सिफारिस गरेको र तोकिएको परिणाममा नदिजन्य पदार्थसंकलनरउत्खानन गर्न सकिने गरी निर्णय हुन संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयमा सिफारिस गर्ने निर्णय भएको। |

# ५. प्रारम्भिक वातावरणिय परिक्षणप्रतिवेदनतयारीतथा स्वीकृति प्रकृया

प्रारम्भिक वातावरणीय परीक्षण स्वीकृती प्रकृया लामो तथा झन्झटिलो भएको स्थानीय निकायहरुबाट गुनासो आएको विषयलाई दृष्टिगत गरी संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय मन्त्रिस्तरको मिति २०७२।११।१८ गतेको निर्णय अनुसार प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन स्वीकृत गर्ने अधिकार सम्वन्धित जिल्ला विकास समिति बोर्डलाई प्रत्यायोजन गरे बमोजिमजि.वि.स. बोर्डबाटै स्वीकृत गर्नुपर्ने हुन्छ ।

**प्रस्तावक जिल्ला विकास समिति कार्यालयले नदिजन्य पदार्थ उत्खनन् तथा संकलनका लागि प्रारम्भिक वातावरणीय परिक्षण गर्दा अघिल्लो वर्षको नदिजन्य पदार्थबाट रु.५० लाख सम्म आय आर्जन गरेको भए सम्बन्धित जिल्ला क्षेत्रमा पर्ने सबै उत्खनन् तथा संकलन क्षेत्रको लागि एकीकृत रुपमा एउटा मात्र प्रारम्भिक वातावरणीय परिक्षण गर्नु पर्ने छ । साथै जिल्लाको क्षेत्रभित्र पर्ने एउटा नदिको खण्ड खण्ड रुपमा प्रारम्भिक वातावरणीय परीक्षण नगरी एकीकृत रुपमा प्रारम्भिक वातावरणीय परिक्षण गर्नु पर्ने छ । जसका लागि प्रारम्भिक वातावरणीय परीक्षणको कार्यसूची तयारी गरी स्वीकृत गर्नु पर्ने छ र सोहि कार्यसूचीको आधारमा प्रारम्भिक वातावरणीय परिक्षण प्रतिवेदन तयारी गरी स्वीकृत गराउनु पर्ने छ ।**प्रतिबेदनको मान्य अबधि सामान्यतया दुइ वर्षको हुनेछ ।


## ५.१.प्रारम्भिक वातावरणीय परिक्षण प्रतिवेदन तयारी प्रकृया

प्रस्तावकले प्रारम्भिक वातावरणीय परिक्षणको अध्ययन क्षेत्र , विधि, प्रकृयाको निर्धारण गर्न कार्यसूचि तयार गर्नुपर्ने हुन्छ। कार्यसूचि प्रस्तावकबाट जिल्ला विकास समिति (बोर्ड) लाई पेश गर्नु पर्ने छ । उक्त कार्यसूची उपर बोर्डबाट कुनै सुझाव प्राप्त भएमा सो समेत सम्बोधन गरी प्रस्तावकले पुन पेश गर्नु पर्ने छ । सो पश्चात् बोर्डले कार्यसूची स्वीकृत गर्ने छ । यस्तो कार्यसूचिको ढाँचा वातावरण संरक्षण नियमावलीको अनुसुचि १ बमोजिम हुनेछ।

प्रारम्भिक वातावरणीय परिक्षण प्रतिवेदन तयार पार्दा विज्ञ टोलिले फिल्डमै गई अध्ययन गरी तयार पार्नुपर्नेछ । प्रतिवेदनमा उल्लेख गर्नुपर्ने विधि तथा बिषयबस्तुको हकमा वातावरण संरक्षण नियमावली , २०५४ को अनुसुचि २ मा उल्लेख भए बमोजिम हुनेछ।

## ५.२. प्रारम्भिक वातावरणीय परिक्षणप्रतिवेदन स्वीकृति प्रकृया

प्रारम्भिक वातावरणीय परिक्षण प्रतिवेदनको हकमा भने तयार पारीएको प्रारम्भिक वातावरणीय परिक्षण प्रतिवेदन उपर सार्वजनिक सुनवाइ गरी जिल्ला स्तरीय अनुगमन तथा मुल्यांकन समितिमा प्रस्तुत गर्न लगाइ सो पश्चात मात्र जिल्ला स्तरीय प्रारम्भिक वातावरणीय परिक्षण पुनरावलोकन समितिमा छलफल गरी जि.वि.स बोर्डबाट स्वीकृती लिनुपर्नेछ। यस्तो प्रतिबेदन स्वीकृति भएको मितिले सात दिन भित्र स्वीकृत प्रति मन्त्रलाएको बातावरण बेबस्थापन शाखामा समेत अनिवार्य रुपमा पठाउनु पर्नेछ।




## ६. प्रतिवेदन स्वीकृत गर्दा ध्यान दिनु पर्ने कुराहरु

तयार पारिएको प्रारम्भिक वातावरणीय परिक्षण प्रतिवेदनमा निम्न कुराहरु प्रष्ट रुपमा उल्लेख भएको हुनुपर्नेछ ।

## ६.१. कार्यसूची र प्रतिवेदन स्वीकृत गर्ने समय सीमा:

प्रस्तावक (जि.वि.स.) ले कार्यसूची पेश गरेको २ हप्ताभित्र जि.वि.स.(बोर्ड) ले स्वीकृत गर्नु पर्ने छ । प्रारम्भिक वातावरणीय परिक्षणको अन्तिम प्रतिवेदन प्रस्तावकबाट पेश गरेको ३ हप्ताभित्र जि.वि.स.(बोर्ड) ले स्वीकृत गर्नु पर्ने छ। उक्त प्रतिवेदन स्वीकृत भएको मितिलेसामान्यतया २ वर्षका लागि मान्य हुने छ ।

## ६.२. अध्ययन विधि पुनरावलोकन

प्रारम्भिक वातावरणीय परिक्षण गर्दाका बखत सम्बन्धित बिज्ञले फिल्डमै गइ अध्ययन अवलोकन गरी अध्ययन गरेको प्रतिवेदन तयार पारेको हुनु पर्नेछ। कार्यसूचिमा उल्लेख भएको विधि अनुसार कार्य भएको छ या छैनपुनरावलोकनसमितिले विश्लेषण गनुपर्छ।

## ६.३. अध्ययन टोली

प्रतिवेदन तयार पार्दा कम्तीमा निम्न बिशेषज्ञहरुको संलग्नता हुनु पर्दछ।

क. भूगर्भबिद(Geologist)

ख. वातावरणविद् (Environmental Expert)

ग.जिव तथा बनस्पतिशास्त्री(Biologist)

घ. आवस्यकता अनुसार सम्बन्धित विज्ञ : इञ्जिनियर , सामाजीक, आर्थिक आदि (Engineer, Sociologist, Economist etc)

## ६.४. आधारभूत तथ्याकंहरुको संकलन

कार्यसूचिमा उल्लेख भएको बिधि अनुसार कार्य भएको छ या छैन रप्रतिवेदनमा आवस्यक तथ्याकंहरु संलग्न भएको छ या छैनसो पुनरावलोकन समितिबाट पुनरावलोकन गरिनु पर्नेछ।

## ६.५. सामुहिक छलफल, सर्वेक्षण, सार्वजनिक सुनवाइ तथा अन्यविषय

अध्ययन गर्दा स्थलगत सामुहिक छलफल गरिएको छ या छैन , स्रोतको नापजाँच आकलन गरिएको छ या छैन।संकलन तथा उत्खनन् क्षेत्रहरुहरु प्रष्ट उल्लेख छन या छैनन् तथा सार्वजनिक सुनवाइ गरिएको छ र सोबाट प्राप्त रायसुझावलाइ प्रतिवेदनमा समावेश गरिएको छ या छैन् सो यकिन गर्नुपर्नेछ।

## ६.६. संकलन तथा उत्खनन्का सम्भावित प्रभावहरु र वातावरण ब्यवस्थापन योजना

वातावरण व्यवस्थापन योजना कुनै पनि योजना निर्माण वा सञ्चालन गर्दा यस गतिविधिहरुबाट वातावरणमा पर्नसक्ने असर/प्रभाव पहिचान गरी सकारात्मक प्रभावलाईबढोत्तरी तथा नकारात्मक प्रभावलाईन्यूनीकरण गर्न तयार गरिएको कार्ययोजना हो। प्रत्येक संकलन उत्खनन् स्थलको लागि छुटाछुट्टै देखिने गरी यो योजना तयार गर्नु पर्छ।प्रारम्भिक वातावरणीय परिक्षण प्रतिवेदनमा कार्यसूचि अनुसारका प्रभावहरुबारे प्रष्ट बिवरण उल्लेख गरिएको हुनुपर्नेछ। असरको किसिम , गहनता, अवधि इत्यादी छुट्टयाइएको हुनुपर्नेछ।यो योजना ब्यवहा रिक रुपमा कार्यान्वयन योग्य समेत हुनुपर्नेछ।

**वातावरण ब्यवस्थापन योजना ढाँचा**

| संकलन तथा उत्खनन् गर्ने स्थान | संकलन तथा उत्खनन् गर्न सिफारिश परिमाण | पर्न सक्ने प्रभाव | प्रभाव न्यूनिकरण/ बढोत्तरीका कृयाकलाप | लागत | कहिले | कहा“ | जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|---|
| स्थान१ | | | | | | | |
| स्थान२. | | | | | | | |
| स्थान३ | | | | | | | |

## ६.७.वातावरणीय अनुगमन योजना

वातावरण संरक्षणका लागि प्रस्ताव गरिएको कुराहरुको कार्यान्वयन तथा पालना भए नभएका सम्वन्धमा र प्रभाव न्यूनीकरणका उपायहरु अवलम्वन गरिएको नगरिएको सम्बन्धमा अनुगमन गर्ने उद्धेश्यले वातावरण संरक्षण नियमावली , २०५४ले अनुगमनलाई अनिवार्य गरेको छ।सो कार्यका लागि प्रस्तावक नै जिम्मेवार रहनेछ।

### ६.७.१. अनुगमन योजना ढाँचा

| **क्षेत्रहरु** | **मापक तथा सूचकहरु** | **विधि** | **आवधि र समय** | **उत्तरदायीत्व** | **अवस्था** |
|---|---|---|---|---|---|
| भौतिक वातावरण | | | | | |
| जैवीक वतावरण | | | | | |
| समाजीक तथा सांस्कृतीक वातावरण | | | | | |

### ६.७.२. अनुगमन प्रतिवेदनको ढाँचा

| **संकलन तथा उत्खनन् स्थान** | **अनुगमन गरिएको बिषय** | **आइ.इ.इ प्रतिवेदनमा उल्लेखित प्रावाधान** | **स्थलगत अनुगमनमा देखिएको अवस्था** | **आइ.इ.इ प्रतिवेदनमा उल्लेख भएको र यथार्थमा देखिएको फरक** | **सुधारका लागि सिफारिश गरिएको सुझाव** | **कैफियत** |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |

नोट : जिल्लाले चौमासिक रुपमा आफ्नो अनुगमन प्रतिवेदन अनिवार्य रुपमा संघिय मामिला तथा स्थानीय विकास मन्त्रालयमा बुझाउनु पर्नेछ।

## ६.८. प्रतिवेदनसाथ संलग्न गर्नुपर्ने कागजात

प्रस्तावकले प्रारम्भिक वातावरणीय परिक्षण प्रतिवेदन स्विकृतीको लागि पेश गर्दा निम्न कागजातहरु प्रतिवेदनमा समावेश गर्नु पर्नेछ।

क)वातावरण संरक्षण नियमावली २०५४ को ७(२) अनुसार प्रारम्भिक वातावरणीय परिक्षण प्रतिवेदन बारेमा राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशन भएको १५ दिने सुचनाको प्रतिलिपी।

ख)वातावरण संरक्षण नियमावली २०५४ को नियम (२) अनुसार प्रस्ताव कार्यन्वयन हुने गा.वि.स. वा नगरपालिका तथा जि.वि.स. को कार्यालय विद्यालय , अस्पताल तथा स्वास्थ केन्द्रमा सुचनाटाँस गरेको मुचुल्काको प्रति।

ग)प्रस्ताव कार्यन्वयन हुने सम्बन्धित गा.वि.स. वा नगरपालिका , वन क्षेत्र पर्ने भए जिल्ला बन कार्यालय , सामुदायीक वन, अन्य वनहरु, संरक्षण क्षेत्र, आरक्ष तथा निकुन्ज क्षेत्र भए तत् तत् निकायको सिफारिस पत्रको प्रतिलिपी।

घ) आइ.इ.इ अध्ययन गर्ने संस्था , बिज्ञहरुको स्थापित नर्म्स र standard बमोजिम स्थलगत अध्ययन गरि रिपोर्ट तयार गरेको स्वयम् घोषणापत्र तथा प्रस्तावकको प्रतिबद्दता पत्र।

ङ.) मस्यौदा र अन्तिम स्वीकृत प्रतिवेदनको प्रीन्ट र डिजिटल प्रति।

च) स्वीकृत प्रतिवेदनमा स्वीकृत गर्ने निकायको छाप तथा स्वकृित गर्ने पदाधिकारीको हस्ताक्षर।

### ६.९. नक्साकंन तथा फोटोहरु

प्रारम्भिक वातावरणीय परिक्षण प्रतिवेदनमा संकलन तथा उत्खनन् स्थल देखिने टोपो तथा गुगल नक्सा सहित भगौलिक स्थीती झल्काउने रंगिन नक्सा अनिवार्य रुपमा संलग्न गरेको हुनुपर्नेछ। सो नक्साकंनमा अक्षांश तथा देशान्तर, स्केलहरु खुलाएर लेख्नु पर्नेछ। नक्सा सकेसम्म ठूलो नापको हुनुपर्नेछ। संकलन तथा उत्खनन् गर्ने ठाँउको चारकिल्ला समेतलाइ नक्सा तथा फोटोमा देखाउनुपर्नेछ।

### ६.१०. संकलन परिणाम, तरिका र समय

तयार गरिएको प्रतिवेदनमा अध्ययन गरिएको क्षेत्रमा रहेको संचित पदार्थ एवं संकलन तथा उत्खन न् का लागि सिफारिश गरिएको परिमाण अनिवार्यरुपमा प्रस्तुत गरेको हुनुपर्नेछ। सो प्रस्ताव गर्दा नदीको दाँया तथा बायाँ केहि किनारा छोडि कुन दूरीमा संकलन र उत्खनन् मेसिन या मेसिन बिना गरिने हो , कुन कुन घरेलु औजारहरु प्रयोग गरिने हो , कस्तो किसिमको मेसिन प्रयोग गरिने हो , कुन समयमा संकलन तथा उत्खनन् गरिने हो सो स्पष्ट रुपमा उल्लेख गरिएको हुनुपर्नेछ।

### ६.११मेसिन प्रयोग कार्ययोजना

सामान्यतया नदी क्षेत्रमा येक्सा भेटर प्रयोग गर्न पाइदैन तर देहायको विशेष परिस्थितीमा मेशिन प्रयोगको कार्य योजना तयार गरेर मात्र मेसिन प्रयोग गर्न सकिनेछ।

१. बाढि तथा जल उत्पन्न प्रकोपको खतरा देखिएको अवस्थामा जिल्ला दैविक प्रकोप उद्धार समितिको सिफारिशमा सो क्षेत्रको पदार्थ हटाउन।

२.सार्वजनिक विकास निर्माणको आयोजनाका लागि उक्त आयोजनाको आइ.इ.इ. प्रतिवेदनमा उल्लेख भए अनुसारको परिमाण कोव्यवस्था गर्न।

३. प्रस्तावित संकलन क्षेत्रमा आइ.इ.इमा उल्लेख भए अनुसारको मात्रा उत्खनन् गर्न उल्लेखित चारकिल्ला अथवा सो बमोजिम चारकिल्ला निर्धारण गरि जि.वि.स.को अधिकृत प्राविधिक कर्मचारी र जिल्ला प्रशासनको प्रतिनिधि कर्मचारीको रोहवरमा तोकिएको अबधिभित्र तोकिएको परिणाम निकाल्न।

भारी मेशिन प्रयोग गरी गरिने उत्खनन् कार्य योजना <u>(Excavation Plan)</u>

| | |
|---|---|
| उद्धेश्य | : यसको साधारण उद्द्येष्य भनेको प्राकृतिक प्रकोपको न्यूनीकरण गरी नदी/खोलाको बहावलाई कायम गर्न सहयोग गर्ने हुनु पर्नेछ। |
| प्रस्तावित स्थान | : चार किल्ला खुलेको, खोला/स्थान Latitude/Longitufe/Altitude, polygonal maps, chainage |
| प्रस्तावित स्थानको अवस्थिति | : प्रस्तावित स्थान विशेषको Latitude/Longitude/Altitude, polygonal maps, chainage, length, bredth,वरिपरि रहेको बस्तीको समुन्द्र सतहदेखिको उचाई, प्रस्तावित संकलन स्थलको समुन्दी सतहदेखिको उचाई, प्रस्तावित क्षेत्र वरिपरिको सामाजिक, आर्थिक तथा जैविक विविधता सम्बन्धी जानकारी |

विल्कपको विश्लेषण(Alternative Analysis):

- मेशिन प्रयोग गरी उत्खनन् नगर्दा जैविक, आर्थिक र सामाजिक रूपमा पर्ने असरहरू
- मेशिन प्रयोग गर्दा हुने आर्थिक, सामाजिक तथा वातावरणीय प्रभाव÷असरहरू
- मेशिन प्रयोग गरी उत्खनन् गर्दाका फाईदाहरू
- मेशिन प्रयोग गरी उत्खनन् गर्ने समयावधि, दिन संख्या, कूल परिमाण
- मेशिन प्रयोग गर्ने हो भने सो मेशिनको स्पेसिफिकेशन (विवरण) :– मेशिनको संख्या, मेशिनको क्षमता, बकेटको साइज, Cross Sectional Bucket Analysis आदि

**मेसिन प्रयोग योजना**

| | |
|---|---|
| मेशिन उपकरणको किसिम | |
| प्रयोग हुने स्काभेटरको संख्या | |
| प्रयोग गर्ने क्षेत्र | |
| प्रयोग गर्ने कारण | |
| प्रयोग गर्ने समय | |
| प्रयोग गर्ने महिना | |
| विधि, प्रकृया | |
| अधिकतम गहिराई एवं लम्बाइ र चौडाइ | |
| च्यानेज | |
| अनुमानित निकालिने परिमाण (प्रति महिना) | |

| | |
|---|---|
| मूख्य वस्ती देखि मेशिन उपकरणको प्रयोग गर्ने क्षेत्र सम्मको औषत दुरी | |
| स्थानीय रोड देखि मेशिन उपकरणको प्रयोग गर्ने क्षेत्र सम्म औषत दुरी | |
| अन्य संवेदनशिल क्षेत्र भए | |

नोटः कार्यसूचिको र प्रारम्भिक वातावरणीय परिक्षणमा प्रस्तुति र समावेष्ठी ठिक रहेको नरहेको जाच्न अनुसूचि २ मा उल्लेखित चेकलिस्ट हेर्न सकिन्छ।

## ७. बिभिन्न संस्थागत ब्यवस्था

### ७.१.जिल्ला बिकास समिति बोर्ड

स्थानीय स्वायत्व शासन ऐन, २०५५ तथा नियमावली, २०५६ ले तोके बमोजिमको जिल्ला बिकास समिति बोर्डलेप्रारम्भिकवातावरणीय परिक्षणको कार्यसूचि तथा अन्तीम प्रतिवेदन स्वीकृत गर्नेछ।

### ७.२. जिल्ला अनुगमन समन्वयसमिति

अनुगमनका लागि निम्न सदस्यीय जिल्ला स्तरीय अनुगमन समिति टोली हुनु पर्नेछ।

| | |
|---|---|
| प्रमुख जिल्ला अधिकारी | संयोजक |
| प्रहरी कार्यालय, प्रमुख | सदस्य |
| सशस्त्र प्रहरी बल, प्रमुख | सदस्य |
| जिल्ला वन अधिकृत | सदस्य |
| प्रमुख संरक्षण अधिकृत | सदस्य |
| घरेलु तथा साना उद्योग कार्यालय, प्रमुख | सदस्य |
| जल उत्पन्न प्रकोप नियन्त्रण कार्यालय, प्रमुख वा सो नभएको जिल्लामा डिभिजन/सब डिभिजन सिचाइ कार्यालय प्रमुख | सदस्य |
| जिल्ला भू संरक्षण अधिकृत | सदस्य |

| | |
|---|---|
| स्थानीय भन्सार कार्यालय प्रमुख | सदस्य |
| स्थानीय विकास अधिकारी | सदस्य सचिव |

## ७.३. जिल्ला प्राविधिक अनुगमन समिति

यो समिति निम्न बमोजिम रहने ब्यवस्था छ।

| | |
|---|---|
| जिल्ला प्राविधीक कार्यालय, प्रमुखवा निजले तोकेको इन्जिनियर | संयोजक |
| वन अधिकृत | सदस्य |
| समाजशास्त्रीवा सामाजिक विकास अधिकृत | सदस्य |
| सम्बन्धितस्थानीय निकायको प्रतीनिधी | सदस्य |
| जि.बि.स., वातावरण शाखा प्रमुख | सदस्य सचीव |

## ७.४. IEE प्रतिबेदनपुनरावलोकन समिति


यो पुनरवालोकन समिति निम्न बमोजिमको हुनेगरि गठन गरिएको छ।

| | |
|---|---|
| जिल्ला प्राविधिक कार्यालय प्रमुख | संयोजक |
| जिल्ला बिकास समितिले तोकेको जिल्ला बन कार्यालय वाभू संरक्षण कार्यालय वा जिल्ला स्थित सरकारी कार्यालयको वातावरणसँग सम्बन्धित अधिकृत स्तरको अधिकृत स्तरको कर्मचारी प्रतिनिधि | सदस्य |
| जिल्ला प्रशासन कार्यालय अधिकृत प्रतिनिधि | सदस्य |
| योजना अनुगमन तथा प्रशाशकिय अधिकृत | सदस्य |
| जि.विसले तोकेको भूगर्भबिद | सदस्य |
| जि.वि.स. राजश्व शाखा प्रमुख | सदस्य |
| जि.वि.सको वातावरण, उर्जा तथा जलवायु शाखा प्रमुख | सदस्य सचीव |

यस समितिले प्रतिवेदन पुनरावलोकन गरि आवश्यक रायसुझाव भए सो पेश गरिस्वीकृतिका लागि जि.वि.स बोर्डमा सिफारिश गर्नेछ।

## ७.५. गुनासो सुनवाइ संयन्त्र

जनताका गुनासाको सुनवाइ गर्न तथा गुनासो सुनवाइलाइ सरलकृित गर्न आई.ई.ई प्रतिवेदनमा गुनासो सुनवाइ संयन्त्रको ब्यवस्था गरिएको हुनुपर्नेछ। उदाहरण :



# अनुसूचि

## अनुसुचि १ : प्रारम्भिक वातावरणीय परिक्षणको कार्यसूची तथा प्रारम्भिक वातावरणीय परिक्षण प्रतिवेदनको ढाँचा

प्रारम्भिक वातावरणीय परिक्षण कार्यसूचीको ढाँचा

प्रारम्भिक वातावरणीय परिक्षणको कार्यसूची तयारी गर्दा निम्न प्रसंगहरु उल्लेख गर्नुपर्नेछ।

१. प्रतिवेदन तयार गर्ने व्यक्ति वा संस्थाको नाम र ठेगाना :

**१.१. प्रस्तावको नामः**

............... जिल्लाको (प्रस्ताव कार्यान्वयन हुने जिल्लाको नाम उल्लेख गर्ने).................. नदी (नाम उल्लेख गर्ने) बगर क्षेत्रबाट दिगोरुपमा ढुंगा, गिट्टी तथा बालुवाको सङ्कलन/उत्खनन्। प्रस्तावित संकलन तथा उत्खनन् घाट तथा अवस्थिती उल्लेख गर्ने र नक्सा एवं फोटोसहितको विवरण राख्ने।

**१.२. प्रस्तावकको नाम र ठेगाना :**

(सम्वन्धित जिल्ला विकास समिति कार्यालयको नाम, ठेगाना, फोन नं. एवं वेबसाइट उल्लेख गर्ने।)

**१.३. प्रारम्भिक वातावरणीय परिक्षणको कार्यसूची प्रतिवेदन तयार पार्ने संस्था/व्यक्तिः**(नाम एवं ठेगाना उल्लेख गर्ने।)

अध्ययन टोली (Study Team): अध्ययन टोलीका सदस्यहरूको नाम, ठेगाना एवं विशेषज्ञता उल्लेख गर्ने )।

२.प्रस्तावको सामान्य परिचयर सान्दर्भिकता:

२.१. प्रस्तावको पृष्ठभूमिः

- (......... नदी बगर क्षेत्रमा प्रशस्त मात्रामा ढुंगा, गिट्टी तथा बालुवा लगायतका निर्माण सामग्री उपलब्ध रहेको,
- सम्वन्धित जिल्ला विकास समितिले यी सामग्रीको दिगो एवं वातावरणमैत्री सङ्कलन/उत्खनन् गर्ने योजना बनाएको आदि। )

२.२. प्रस्तावको प्रकारः

यो प्रस्ताव .................. जिल्लाको (नाम उल्लेख गर्ने) ..................नदी (नाम उल्लेख गर्ने)प्रस्तावित संकलन तथाउत्खनन् घाट तथा अवस्थिती उल्लेख गर्ने, बगर क्षेत्रबाट गरिने ढुंगा, गिट्टी तथा बालुवाको दिगो एवं वातावरणमैत्री सङ्कलन/उत्खनन् कार्यका लागि हो भनी उल्लेख गर्ने।)

२.३ प्रस्तावको प्रमुखः

| | |
|---|---|
| १. | **प्रस्तावको नामः** |
| २. | **प्रस्तावको अवस्थिति (स्थान):** |

| | | |
|---|---|---|
| | विकास क्षेत्र : | |
| | अञ्चल : | |
| | जिल्ला : | |
| | गा.वि.स. ⁄ नगरपालिका : | प्रस्तावक्षेत्र रहेको गा.वि.स.(हरू) ⁄ नगरपालिकाको नाम उल्लेख गर्ने । |
| ३. | **भौगोलिक/हावापानी प्रकृति एवं विवरण :** | |
| | नदीको नाम र प्रकार | जुन नदीको बगरक्षेत्रबाट ढु¨ा, गिट्टी बालुवा उत्खनन्⁄ सङ्कलन गरिनेछ त्यसको नाम उल्लेख गर्ने ।<br><br>उक्त नदी खहरे, हिम नदी, बाह्रमासे वा अन्य कुन प्रकारको हो लेख्ने । |
| | भूवनोट९त्भचचबष्ल० | |
| | माटो ९क्यष्० | |
| | उचाइ (समुद्रसतहमाथिको) | |
| | हावापानी / जलवायु परिवर्तन | |
| | भू-उपयोग९बलम ग्कभ० | |
| ४. | **सङ्कलन/उत्खनन् कार्य, स्थल र प्रक्रिया** ९क्यगचअभ बचभब, :बतभचष्बिक बलम :भतजयमक०ः | |
| | सङ्कलन ⁄ उत्खनन् क्षेत्र | |
| | अक्षंश ९बतष्तगमभ० | |
| | देशान्तर ॉयलनष्तगमभ | |
| | प्रस्तावत क्षेत्रमा जाने पहु“चमार्ग (Access road) | |
| | सङ्कलन ⁄ उत्खनन् विधि (Collection/Extraction Method) | |
| | सङ्कलन ⁄ उत्खनन् कार्यमा प्रयोग हुने सामग्री वा मेसिनरी | |
| | दैनिक ⁄ वार्षिक सङ्कलन ⁄ उत्खनन्को परिमाण<br><br>(Daily/Yearly Collection/ Extraction Volume) | वर्ष ⁄ दिनमा कति परिमाण ९ख्यगिफभ०सङ्कलन ⁄ उत्खनन् गर्ने हो उल्लेख गर्ने । |
| | सङ्कलन ⁄ उत्खनन् गरिने अवधि(Collection/Extraction Period) | वर्षमा कति महिना वा दिन सङ्कलन ⁄ उत्खनन् गर्ने उल्लेख गर्ने । |
| | सङ्कलन ⁄ उत्खनन् स्थलको सङ्ख्या | |

| | | |
|---|---|---|
| | (Number of Collection/Extraction Sites) | |
| | सङ्कलन/उत्खनन् गरिने सामग्रीहरू : (Materials to be Extracted) | ढुंगा, गिट्टी, वा बालुवा मध्य कुन कुन सामग्री उत्खनन्/सङ्कलन गरिने हो उल्लेख गर्ने । |
| | प्रस्तावअर्न्तगतका कार्यहरू (Proposal Component Activities) | प्रस्तावअर्न्तगतका कुन कुन कार्य( सङ्कलन/उत्खनन्/ढुवानी) गर्ने हो उल्लेख गर्ने । |
| | प्रभावित गा.वि.स./नगरपालिका/बस्ती आदि<br><br>(ffected VDCs/ Settlements) | |
| ५. | **क्षभ्भ प्रतिवेदनको वैधानिकता** ९ख्बष्मिष्तथ या तजभ क्षभ्भ च्भउयचत० | यो IEE प्रतिवेदन कहिलेदेखि कहिलेसम्म वैधानिक रहन्छ उल्लेख गर्ने । |

## २.३. प्रस्तावको विवरण:

**२.३.१. प्रस्ताव क्षेत्रको अवस्थिति:** (देशको कुनै मुख्य सहरदेखि प्रस्तावित क्षेत्रको दूरी, प्रस्ताव क्षेत्रको अक्षांश, देशान्तर आदि उल्लेख गर्ने एवं सङ्कलन÷उत्खनन् क्षेत्रलाई नक्शामा देखाउने।)

**२.३.२.प्रस्तावित क्षेत्रमा यातायातको:**ढुंगा , गिट्टी, बालुवा, सङ्कलन/उत्खनन् क्षेत्रमा पुग्नका लागि उपलब्ध बाटोघाटोको विवरण उल्लेख गर्ने।)

**२.३.३. प्रस्तावको क्षेत्र निर्धारण:** प्रस्तावित क्षेत्रमा कँहा देखि कँहा सम्मको भूभागबाट सङ्कलन/उत्खनन् कार्य गरिने हो, स्पष्टरुपमा उल्लेख गर्ने। निर्धारित क्षेत्रको क्षेत्रफल उल्लेख गर्ने। प्रस्तावित क्षेत्रलाई वातावरणीय प्रभावको आधारमा उच्च प्रभाव क्षेत्र(High Impact Area: HIA),न्यून प्रभाव (Low Impact Area: LIA),वा अन्य क्षेत्रमा छुट्याउने। हरेक सङ्कलन/उत्खनन् क्षेत्रलाई उपर्युक्त टोपोनक्शामा देखाउने।)

**२.३.४.सङ्कलन/उत्खनन् र ढुवानी (कार्य र विधि):** (सङ्कलन/उत्खनन् गरिने ठाउँको सङ्ख्या, उत्खनन्/सङ्कलन एवं ढुवानी गर्ने विधि उल्लेख गर्ने।)

**२.३.५. कार्यसूचीको उद्देश्य:**(यस कार्यसूचीको उद्देश्य बुंदागत रुपमा उल्लेख गर्ने। जस्तै IEEअध्ययन कार्यलाई निर्देशन गर्ने, प्रस्ताव कार्यान्वयनका कारणले वातावरणमा देखिन सक्ने सम्पूर्ण सकारात्मक तथा नकारात्मक असरहरू पहिल्याउने, आदि। )

### २.३.६. प्रारम्भिक वातावरणीय परिक्षणको उद्देश्य:

प्रारम्भिक वातावरणीय परिक्षण अध्ययन गर्नाका प्रमुख उद्देश्यहरू बुँदागत रुपमा उल्लेख गर्ने। जस्तै प्रस्तावक्षेत्र एवं प्रभावित क्षेत्रको भौतिक , जैविक, आर्थिक तथा सामाजिक वातावरणको लिखत तयार पार्ने,प्रस्तावको प्रभावहरू पहिचान, समीक्षा एवं वर्गीकरण गर्ने आदि। )

### २.३.७ प्रारम्भिक वातावरणीय परिक्षण अध्ययन गर्नुको आवश्यकता

(प्रस्तुत प्रारम्भिक वातावरणीय परिक्षण अध्ययन कार्य किन गरिएको हो कारण उल्लेख गर्ने। उदाहरणको लागिः प्रस्ताव कार्यन्वयनका कारणले वातावरणमा पर्न सक्ने सकारात्मक प्रभावको बढोत्तरी एवं नकारात्मक

प्रभावहरू न्यूनीकरण गर्नका लागि , वातावरण संरक्षण ऐन , २०५३, वातावरण संरक्षण नियमावली २०५४अनुसार (ढुंगा, गिट्टी, बालुवाको दिगो सङ्कलन /उत्खनन् कार्य) कार्यान्वयन गर्नुभन्दा अगाडि प्रस्ताव प्रभावित क्षेत्रको प्रारम्भिक वातावरणीय परीक्षणगर्दाअनिवार्यरुपमा पालनागर्नुपर्ने प्रावधान पूरा गर्न । )

## ३. प्रतिवेदन तयार गर्दा अपनाउनुपर्ने विधि:

प्रस्तुत प्रस्तावको प्रारम्भिक वातावरणीय परिक्षण अध्ययनका लागि निम्नविधिहरू अवलम्वन गरी गर्नुपर्दछ।

### ३.१. प्रारम्भिक अध्ययन:

प्रस्तावसँग सम्बन्धित एवं आवश्यक जानकारी र तथ्याङ्क विभिन्न स्रोतबाट सङ्कलन गर्ने।

### ३.२. फिल्ड सर्भे एवं प्रस्ताव क्षेत्र निरीक्षण:

प्रारम्भिक वातावरणीय अध्ययन टोलीले फिल्ड सर्भे एवं प्रस्ताव क्षेत्र निरीक्षण गरी आवश्यक जानकारी लिने। तथ्याङ्क सङ्कलन एवं फिल्ड निरीक्षणका क्रममा उपयुक्त स्थलमा स्थानीय व्यक्तिहरू संगग प्रस्ताव कार्यान्वयनसम्बन्धी छलफल गर्ने र उनीहरूबाट प्रस्तावस "ग सम्वन्धित धारणा /सुझाव लिने। त्यसैगरी लक्ष्यित समूह छलफल मार्फत लक्षित समूह (जस्तैः महिला , जनजाति आदि) को प्रस्ताव सँग सम्वन्धित अवधारणा लिने।

### ३.३.सार्वजनिक सूचना एवं सिफारिस पत्रहरू:

जनसाधारणलाई प्रस्तुत प्रस्ताव कार्यान्वयनसम्बन्धी जानकारी दिन एवं प्रस्ताव कार्यान्वयनले गर्दा उक्त क्षेत्रको भौतिक, जैविक, रासायनिक एवं सामाजिक , आर्थिक तथा सांस्कृतिक वातावरणमा पर्न जान सक्ने विभिन्न प्रभावहरूबारे धारणा, राय, सुझाव लिनका लागि कुनै पनि राष्ट्रिय दैनिकमा प्रस्ताव सम्बन्धी १५ दिने सूचना प्रकाशन गर्ने। उक्त सूचना सम्वन्धित गा.वि.स. , जि.वि.स., न.पा. विद्यालय, अस्पताल, स्वास्थ्य चौकी वा प्रस्ताव क्षेत्रनजिक रहेका अन्य सार्वजनिक स्थलमा टास्ने। यदि प्रस्ताव कार्यान्वयनका लागि सरकारी/समुदायिक वन जग्गा आवश्यक पर्दछ भने सम्वन्धित गा.वि.स. /न.पा., जिल्ला वन कार्यालयको साथसाथै अन्य सम्बन्धित निकायहरूबाट सिफारिस –पत्र लिने। लिइएका सिफारिसपत्रहरूको छायाप्रति IEE प्रतिवेदनमा राख्ने।

**३.४.**फिल्ड अध्ययनभ्रमणको क्रममा प्रस्ताव एवं प्रस्ताव प्रभावित क्षेत्रको वस्तुगत वातावरणीय अवस्था (Existing Environmental Conditions)को विवरण तयार गर्ने।

**३.४.१. भौतिक वातावरण (Physical Environment):**विभिन्न प्रकाशित/उपलब्ध नक्शा, पुस्तक, स्रोत र सामग्री एवं प्रस्ताव–क्षेत्रको भ्रमण एवं अवलोकनबाट भौतिक वातावरणसम्बन्धी विवरण तयार गर्ने।

**३.४.२ जैविक वातावरण (Biological Environment):**बनस्पतिको विश्लेषण÷समीक्षा गर्ने उपयुक्त विधि अपनाई प्रस्ताव एवं प्रस्ताव प्रभावित क्षेत्रमा पाइने वनस्पति एवं वनक्षेत्रको अध्ययन एवं समीक्षा गर्ने। प्रस्ताव क्षेत्रमा पाइने वन्यजन्तुसम्बन्धी विवरण वन्यजन्तुको पाऊको निशाना , वनक्षेत्र भ्रमण, अवलोकनएवं स्थानीय बासिन्दाहरूसँगको छलफलको आधारमा गर्ने। त्यसैगरी माछा लगायतका जलचरको विवरण 'क्याप्चर—

रिक्याप्चर'(Capture-Recapture) विधि, नदी क्षेत्रको अवलोकन एवं स्थानीय बासिन्दाहरूस "गको छलफलबाट लिने।

**३.४.३.सामाजिक, आर्थिक तथा सांस्कृतिक वातावरण (Socio-economic and Cultural Environment):**विभिन्न जांचसूची एवं प्रश्नावली , धरधुरी सर्भेक्षण, लक्षित समूह (जस्तै – महिला, जनजाति आदि) सँगको छलफल आदि मार्फत सामाजिक, आर्थिक तथा सांस्कृतिक वातावरण सम्बन्धी विवरण तयार गर्ने।

**३.४.४. तथ्याङ्क समीक्षा एवं वातावरणीय प्रभावको अनुमान (Data Analysis and Impact Prediction):**स्थलगत अध्ययन भ्रमण तथा अन्य उपयुक्त माध्यमबाट आधारभूत तथ्यांक सङ्कलन गरिसकेपछि ती तथ्याङ्कलाई बिभिन्न समूह (जस्तै: भौतिक, जैविक, रासायनिक, सामाजिक, आर्थिक तथा सांस्कृतिक) मा वर्गीकरण गर्ने। विज्ञबाट प्राप्त सुझाव , सङ्कलित तथ्याङ्क एवं कम्प्युटर प्रविधि प्रयोग गरी तथ्याङ्क समीक्षाएवं वातावरणीय प्रभावको अनुमान गर्ने।वातावरण प्रभावको समीक्षा एवं अनुमान गर्दा ती प्रभावलाई महत्वपूर्ण वा महत्वहिन (Significant/Insignificant) भनी बर्गीकरण गर्दा निम्न पक्षहरूलाई ध्यानमा लिई गर्नु पर्दछ।

प्रकृति(Nature): ================== प्रत्यक्ष/अप्रत्यक्ष(Direct/Indirect)

आकार (Magnitude): ===========धेरै/मध्यम/कम (High/Medium/Low)

विस्तार (Extent): ================ स्थान विशेष/स्थानीय/क्षेत्रीय (Site Specific/Local/Regional)

अवधि(Duration): ============== छोटो समय/मध्यम समय/लामो समय (Short Term/Medium Term/Long Term)

प्रकार (Type):===================फाइदाजनक/प्रतिकूल (Beneficial/Adverse)

## ४. प्रतिवेदन तयार पार्दा विचार गर्नुपर्ने नीति, ऐन, नियम, तथा निर्देशिका:

(ढुंगा, गिट्टी, बालुवा सङ्कलन /उत्खनन कार्य सँग सम्वन्धित नीति , कानुनी व्यवस्था , नेपाल सरकारका निर्णयहरु, अदालतका आदेश ,निर्देशिका, मापदण्ड एवं सरकारको प्रतिवद्धता उल्लेख गर्ने र ती दस्तावेजहरूमा उक्त कार्यहरूको वातावरणीय पक्षस "ग सम्वन्धित भई गरिएको व्यवस्था IEE प्रतिवेदनमा उल्लेख गर्ने।)

यस सन्धर्भमा विद्यमान नीतिगत एवं कानुनी व्यवस्था , निर्देशिका, मापदण्ड एवंनेपाल सरकारले हस्ताक्षर गरेका विभिन्न अन्तराष्ट्रिय सन्धि , महासन्धिले तोकेबमोजिम प्रकृयागत तथा कानुनी व्यवस्थाहरुको पुनरावलोकन गर्नुपर्नेछ।

| | |
|---|---|
| **संविधान** | • **नेपालको संविधान, २०७२** |
| **नीति तथा रणनीतिक योजनाहरु** | • राष्ट्रिय जैविक विविधता सम्बन्धि रणनीति, २०५९<br>• वन क्षेत्रको गुरुयोजना,२०४६ |

| | |
|---|---|
| | • राष्ट्रिय सिमसार निति, २०५९ |
| **ऐन तथा नियमहरु** | • स्थानीय स्वायत शासन ऐन, २०५५ र स्थानीय स्वायत्त शासन नियमावली, २०५६<br>• वातावरण संरक्षण ऐन, २०५३ र वातावरण संरक्षण नियावली, २०५४<br>• वन ऐन, २०४९ र वन नियमावली, २०५१<br>• राष्टिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९<br>• भू-तथा जलाधार संरक्षण ऐन, २०३९ तथा नियमावली, २०४२<br>• जलस्रोत ऐन, २०४९<br>• जलचर ऐन, २०१७<br>• खानी तथा खनिज पदार्थ ऐन, २०४२<br>• फोहर व्यवस्थापन ऐन, २०६८<br>• श्रम ऐन, २०४८ (१९९१) तथा नियम, २०५०<br>• बालश्रम ऐन २०५९<br>• सार्वजनिक खरिद ऐन २०६३ तथा नियमावली २०६४ |
| **निर्देशिका एवं मापदण्डहरु** | • राष्ट्रिय वातावरणीय प्रभाव मुल्याङ्कन निर्देशिका, २०५०<br>• वन क्षेत्रको वातावरणीय प्रभाव मुल्याङ्कन निर्देशिका,२०५२<br>• वातावरणमैत्री स्थानीय शासन प्रारुप, २०७०<br>• वनसंग सम्वन्धित अन्य निर्देशिकाहरु |
| **अन्तराष्ट्रिय सन्धि तथा महासन्धिहरु** | • जैविक विविधता महासन्धि (१९९२)<br>• CITES महासन्धी (१९८३) |
| **निर्णयहरु तथा अन्य सम्बन्धित प्रसंगहरु** | • ढुंगा, गिट्टी, वालुवा तथा मिस्कट संकलन सम्बन्धमा सर्वोच्च अदालतको निर्णय<br>• ढुंगा, गिट्टी, वालुवा तथा मिस्कट संकलन सम्बन्धमा मन्त्रीपरिषद्का निर्णयहरु, मन्त्रालयस्तरीय निर्णयहरु, केन्द्रीय अनुगमन तथा समन्वय समितिका निर्णहरु तथा अन्य सम्बन्धित निर्णय, निर्देशन, परिपत्र, आदेशहरु । |

नोट : दिइएका बाहेक अन्य कुनै प्रावाधानहरु आकर्षित हुन गएमा सो पनि उल्लेख गर्नुपर्नेछ।

## ५. प्रतिवेदन तयार गर्दा लाग्ने समय , अनुमानित खर्च र अध्ययन टोली :

यस प्रतिवेदन वातावरण संरक्षण नियमावली, २०५४ को नियम ५ अनुरुप तयार गरिएको छ भनी उल्लेखगर्ने।

### ५.१ अध्ययनको समय–तालिका (Time Schedule):

अध्ययनको समय निम्नानुसारको तालिका बनाई उल्लेख गर्ने। (नोट : यस समय –तालिकामाकार्यसूची र प्रारम्भिक वातावरणीय परिक्षण प्र तिवेदन स्वीकृतिको लागि आवश्यक सयम उल्लेख गर्ने। सामान्यतया IEE अध्ययन र प्रतिवेदन तयारीको समय तीन (३) महिना लिइन्छ। )

| क्रियाकलाप/महिना | पहिलो महिना | दोस्रो महिना | तेस्रो महिना |
|---|---|---|---|
| साहित्य पुनरावलोकन, तथ्याङ्क सङ्कलन, समीक्षा एवं कार्यसूची९त्यच०को तयारी | | | |
| त्यच लिखतलाई स्वीकृतिको लागि सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालयमा बुझाउने एवं त्यच्को स्वीकृति | | | |
| सार्वजनिक सूचना प्रकाशन, फिल्ड अध्ययन भ्रमण एवं जनपरामर्श तथा बैठक | | | |
| क्ष्भ्भ प्रतिवेदनको खाका तयार गर्ने | | | |
| विज्ञबाट प्राप्त सुझाव समावेश गरी अन्तिम प्रतिवेदन तयार गर्ने | | | |
| अन्तिम प्रतिवेदन स्वीकृतिको लागि सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालयमा बुझाउने | | | |

५.३. अध्ययन खर्च लागत(Budget):

प्रारम्भिक वातावरणीय अध्ययनका लागि छुट्याइएको/विनियोजित गरिएको रकमको परिमाण उल्लेख गर्ने।

### ५.३. अध्ययन टोली(Study Team):

अध्ययन टोलीमा निम्नानुसारको विज्ञ सम्मिलित भै गरिने हुनाले सो उल्लेख गर्ने।

- वातावरण विज्ञ(Environment Specialist) टोली प्रमुख
- अन्य सदस्यहरु माथि उल्लेख भए बमोजिम हुने

## ६.वस्तुगत वातावरणीय अवस्थाको बयान:

वातावरण अध्ययन टोलीले IEEको कार्यसूची (ToR) तयार पार्नुअगाडि प्रस्ताव क्षेत्रको स्थलगत भ्रमण गरी प्रस्ताव क्षेत्रको भौतिक जैविक , रासायनिक एवं सामाजिक , आर्थिक तथा सांस्कृतिक वातावरणका निम्न पक्षहरूको अध्ययन गरी लिखत तयार पार्ने।

६.१.१. भौतिक वातावरण (Physical Environment):

- भूस्थिति (Topography)
- माटोको प्रकार एवं भूगर्व (Geology and Soil Types)
- जलाधार क्षेत्र (Basin Hydrology)
- जलवायु/हावापानी (Climate रजलबायु परिवर्तन
- हावा र पानीको गुणस्तर एवं ध्वनिको मात्रा (Air and Water Quality and Noise Level)
- भू उपयोग(Land Use)

६.१.२. जैविक वातावरण (Biological Environment):

- वन तथा वनस्पति : प्रस्ताव प्रभावित क्षेत्रमा पाइने वनस्पति एवं वनको विवरणउल्लेख गर्ने।
- प्रस्ताव प्रभावित क्षेत्रमा पाइने वन्यजस्तु ,जलचर तथा माछाको सूची वनाउने।
- प्रस्ताव प्रभावित क्षेत्रमा पाइने दुर्लभ, लोपोन्मुख एवं संरक्षित प्रजातिहरूको सूची वनाउने।

६.१.३. सामाजिक , आर्थिक तथा सांस्कृतिक वातावरण (Socio-economic and Cultural Environment):

- प्रस्ताव क्षेत्रको÷प्रभावित गा को जनसङ्ख्या.स.वि.(Population):
- जात/जनजाति (Caste and Ethnicity):
- शिक्षा एवं साक्षरता (Education and Literacy):
- पेशा, धर्म (Occupation, Religion):
- ऊर्जा, बिजुली एवं सञ्चार (Electricity, Energy and Communication):
- खानेपानी एवं स्वास्थ्यको सुविधा (Drinking Water Supply and Health Facility):
- यातायात र पहुचमार्ग (Transportation and Road Access):
- धार्मिक, सांस्कृतिक एवं ऐतिहासिक स्थलहरू (Religious, Cultural and Historical Sites):
- अन्य सामुदायिक संरचना/स्थलहरू (Other Community Infrastructures):

## ७.प्रस्ताव कार्यान्वयन गर्दा वातावरणमा पर्ने खास प्रभाव:

स्थलगत अध्ययन भ्रमण एवं वस्तुगत वातावरणीय अवस्थाको लिखत तयार पारिसकेपछि प्रस्ताव कार्यान्वयन गर्दा त्यहाको वातावरणमा पर्न सक्ने खास प्रभावहरूको पहिचान , अनुमान एवं समीक्षा निम्न पक्षहरूमा केन्द्रित भई गर्ने।

### ७.१.१. भौतिक वातावरण (Physical Environment):

- बाढी एवं अन्य जलउत्पन्न प्रकोप
- नदीको वहाव/बाटोमा आउने प्रभाव
- भिरालोपन
- भौतिक संरचनामा हुने असर
- पानी तथा सरसफाइ
- धुलोपन एवं ध्वनि
- सङ्कलन/उत्खनन् सामग्रीको भण्डारणको प्रभाव
- फोहोरमैला एवं खेरजाने सामग्री

### ७.१.२.सामाजिक आर्थिक एवं सांस्कृतिकवातावरण (Socio-economic and Cultural Environment):

- आयस्रोतको एवं रोजगारीको अवसर
- बाटो÷सडक सङ्सञ्जाल
- जि.वि.स. को आयस्रोत
- विकास निर्माण सामग्रीको उपलव्धता
- धार्मिक÷सांस्कृतिक एवं ऐतिहासिक स्थल
- पेशागत स्वास्थ्य एवं सुरक्षा
- जनसङ्ख्या विस्थापना
- खेतीयोग्य जमिन एवं कृषिजन्य सामग्री
- कामदारबीच झै- झगडा
- नदीको वरपर बस्ती विस्तार एवं नदी अतिक्रमण
- पैदलयात्रीको सुरक्षा

### ७.१.३. जैविक वातावरण(Biological Environment):

- माछा एवं अन्य जलचरमा पर्ने प्रभाव
- वन्यजन्तुको आवतजावत
- गैरकानुनी शिकार
- वन्यजन्तु एवं वनपैदावारको गैरकानुनी व्यापार

७.१.४.रासायनिक वातावरण(Chemical Environment):

- इन्धन, लुब्रिकेन्टस, अम्ल तथा अन्य रसायनहरूको चुहावट
- धुलो एवं धुँवा उत्सर्जन
  (नोट : उल्लेखित बाहेक अन्यप्रसंग हरु आएमा उल्लेख गर्ने)

## ८. प्रस्ताव कार्यान्वयनका विकल्पहरू:

IEE अध्ययनको सिलसिलामा प्रस्ताव स्थान , कार्यविधि, प्रविधि एवं समय–तालिकाजस्ता निम्न उल्लिखित आयामहरू/पक्षहरू समेटी प्रस्ताव कार्यान्वयनका विकल्पहरूको समीक्षा गर्नुपर्दछ।

८.१ प्रस्ताव कार्यान्वयन नगर्ने (No Proposal option)

८.२ प्रस्तावका विकल्पहरू (Proposal Alternatives)

८.२.१ वैकल्पिक क्षेत्र (Alternative Site)

८.२.२ वैकल्पिक समय–तालिका एवं विधि (Alternative Schedule and Process)

८.२.३ वैकल्पिक सम्पदा (Alternative Resources)

## ९. प्रस्तावको कार्यान्वयनबाट वातावरणमा पर्नेप्रभावको रोकथामका उपायहरु:

प्रभावको बढोत्तीकरण /न्यूनीकरण गर्ने उपायहरूको चर्चा गर्दा देहायका विषयवस्तुहरू समावेश गरिनुपर्दछ। अध्ययनका क्रममा पहिल्याएका एवं अनुमान गरिएका हरेक सकारात्मक प्रभावहरूको बढोत्तीकरण गर्ने उपायहरू एवं हरेक नकारात्मक प्रभावहरू निषेध गर्ने /सच्याउने/क्षतिपूर्ति तिर्ने जस्ता प्रभाव न्यूनीकरण उपायहरू प्रतिवेदनमा उल्लेख गर्ने।

प्रभाव बढोत्तरीकरण एवं न्यूनीकरणका उपायहरू प्रस्ताव कार्यान्वयनको (सङ्कलन /उत्खनन्एवं ढुवानी) चरणमा भौतिक, जैविक, सामाजिक आर्थिक एवं सांस्कृतिक र रासायनिक वातावरण गरी ४ समूहमा वर्गीकरण गर्ने।

वनस्पति एवं वन क्षेत्र सँग सम्वन्धित प्रभाव न्यूनीकरणको उपायहरू प्रस्ताव गर्दा "बन क्षेत्रको जग्गा अन्य प्रयोजनको लागि उपलब्ध गराउने कार्यविधि, २०६३" अनुरुप प्रस्ताव गर्ने।

हरेक वातावरणीय प्रभावलाई समेट्ने गरी वातावरणीय "प्रभाव—म्याट्रिक्स" तयार पार्ने।

## १०. प्रस्ताव कार्यान्वयन गर्दा अनुगमन गर्नुपर्ने कुराहरूः

## ११. अन्य सान्दर्भिक विषयवस्तुः

प्रारम्भिक वातावरणीयपरिक्षण अध्ययन प्रतिवेदनमा वातावरणीय व्यवस्थापन योजना बनाई देहायका विषयवस्तुहरू समावेश/ उल्लेख गर्नुपर्दछ।

- वातावरणीय व्यवस्थापनयोजना कार्यान्वयनको लागि जिम्मेवारी तालिका।
- प्राविधिक अनुगमन कार्यमा आवश्यक प्राविधिक जनशक्ति एवं अनुगमनको खर्च विवरण।
- स्थानीय तहमा रहने अनुगमन टोलीको विवरण एवं अनुगमन खर्च।

वातावरण सुरक्षा/संरक्षण उपायहरूको लागत खर्च प्रस्ताव गर्नुअघि निम्न विषयहरू ध्यान दिनुपर्दछ।

- सम्पत्ति क्षतिको लागि उपयुक्त क्षतिपूर्ति दिने।
- वातावरणमा पर्ने प्रतिकूल प्रभावहरू न्यूनीकरण गर्नाका लागि उपयुक्त प्रभाव न्यूनीकरणका उपायहरूको चयन गर्ने।
- स्वस्थ एवं सरसफाइ कायम गर्ने उपायहरू।

लागत लाभ मूल्याङ्कन(Cost Benefit Assessment)को निचोडमा निम्न कुराहरू उल्लेख गर्नुपर्दछ।

- वातावरणीय प्रभाव न्यूनीकरणका उपायहरू अपनाउनको लागि लाग्ने खर्च।
- सकारात्मक प्रभाव बढोत्तरीकरणका उपायहरू अवलम्वन गर्नका लागि लाग्ने खर्च।
- सामाजिक उत्थान कार्यक्रमको लागि लाग्ने खर्च।
- वातावरणीय अनुगमनका लागि लाग्ने खर्च।
- प्रस्तावको कूल आय।
- वातावरणीय खर्च प्रस्तावको कूल आम्दानीको कति प्रतिशत हुन आउ“छ।

## १२. प्रतिवेदनको स्वरुप(Report Format and Deliverables):

प्रतिवेदनको स्वरुप उल्लेख गर्ने ।

## प्रारम्भिक वातावरणिय परिक्षणको ढाँचा

प्रस्तावको सारांशः (प्रस्तावको कार्यान्वयनबाट वातावरणमा पर्न सक्ने प्रभावका सम्बन्धमा देहायका कुराहरू संक्षेपमा उल्लेख गर्ने ।
(क) प्रस्तावको उद्देश्य,
(ख) भू-उपयोगमा पर्ने असर,
(ग) वातावरणमा पर्ने प्रतिकूल प्रभाव, मानव जीवनमा पर्ने असर, जनसंख्याको चाप,
(घ) स्थानीय चिज वस्तुमा हुने क्षति,
(ङ) अन्य आवश्यक कुराहरू ।

## अध्याय एक (Chapter 1)

### १. परिचय(Introduction):

#### १.१. प्रस्तावको नाम (Name of the Proposal):

.................... जिल्लाको (प्रस्ताव कार्यन्वयन हुने जिल्लाको नाम उल्लेख गर्ने).................... नदी( नाम उल्लेख गर्ने) बगर क्षेत्रबाट दिगोरुपमा ढुंगा, गिट्टी तथा बालुवाको सङ्कलन/उत्खनन् ।

#### १.२. प्रस्तावको नाम र ठेगाना (Name and Address of the Proponent) :

(सम्वन्धित जिल्ला विकास समितिको नाम, ठेगाना, फोन नं. र वेबसाइट उल्लेख गर्ने ।)

#### १.३. प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन तयार पार्ने संस्था/व्यक्ति (Institution/individuals responsible for preparing the IEE Report):

अध्ययन टोली(Study Team): (IEEअध्ययन टोलीका सदस्यहरूको नाम एवं बिशेषज्ञता उल्लेख गर्ने ।)

#### १.४. प्रस्तावको पृष्ठभूमि (Background):

- (नेपालका नदी बगर क्षेत्रमा प्रशस्तमात्रामा ढुंगा, गिट्टी तथा बालुवालगायतका निर्माण सामग्री उपलब्ध रहेको,
- सम्वन्धित जिल्ला विकास समितिले यी सामग्रीको दिगो एवं वातावरणमैत्री सङ्कलन/उत्खनन् गर्ने योजना बनाएको आदि । )

#### १.५. IEE को उद्देश्य(Objectives of IEE):

IEE अध्ययन गर्नुका उद्देश्यहरू बुँदागत रुपमा उल्लेख गर्ने ।

## अध्याय दुई (Chapter 2)

### २. प्रस्तावको सामान्य परिचय (General Description of the Proposal):

#### २.१ प्रस्तावको प्रकार (Type of Proposal):

यो प्रस्ताव .................... जिल्लाको (नाम उल्लेख गर्ने) ....................नदी (नाम उल्लेख गर्ने) बगर क्षेत्रबाट गरिने ढुंगा, गिट्टी तथा बालुवाको दिगो एवं वातावरणमैत्री सङ्कलन/उत्खनन् कार्यका लागि हो भनी उल्लेख गर्ने ।)

## २.२ प्रस्तावका प्रमुख विशेषताहरू (Salient Feature of the Proposal):

| | | |
|---|---|---|
| १. | प्रस्तावको नामः | |
| २. | प्रस्तावको अवस्थितिः | |
| | विकास क्षेत्र : | |
| | अञ्चल : | |
| | जिल्ला : | |
| | गा.वि.स.(हरू)/नगरपालिका : | प्रस्तावक्षेत्र रहेको गा.वि.स.(हरू)/नगरपालिकाको नाम उल्लेख गर्ने । |
| | | |
| ३. | भौगोलिक/हावापानी प्रकृति एवं विवरण : | |
| | नदीको नाम र प्रकारः | जुन नदीको बगर क्षेत्रबाट ढुंगा, गिट्टी बालुवा उत्खनन्/ सङ्कलन गरिनेछ त्यसको नाम उल्लेख गर्ने ।<br><br>उक्त नदी, खहरे, हिमनदी, बाह्रमासे वा अन्य कुन प्रकारको हो लेख्ने । |
| | भूबनोट९त्भचचबष्ल० | |
| | माटो | |
| | उचाई (समुद्रसतहमाथिको) | |
| | हावापानी | |
| | भूउपयोग | |
| ४. | सङ्कलन/उत्खनन् कार्य, स्थल र प्रक्रियाः | |
| | सङ्कलन/उत्खनन् क्षेत्र (Collection/ Extraction Area) | |
| | अक्षांश (Latitude) | |
| | देशान्तर (Longitude) | |
| | प्रस्तावत क्षेत्रमा जाने पहु“चमार्ग (Access road) | |

| | | |
|---|---|---|
| | सङ्कलन/उत्खनन् विधि (Collection/Extraction Method) | |
| | सङ्कलन/उत्खनन् कार्यमा प्रयोग हुने सामग्री वा मसिनरी | |
| | दैनिक/वार्षिक सङ्कलन/उत्खनन्को परिमाण<br>Daily/Yearly Collection/ Extraction Volume | वर्ष/दिनमा कति परिमाण ९क्यूमिटर०सङ्कलन/उत्खनन् गर्ने हो उल्लेख गर्ने । |
| | सङ्कलन /उत्खनन् गरिने अवधिCollection/Extraction Period: | वर्षमा कति महिना वा दिन सङ्कलन/उत्खनन् गर्ने उल्लेख गर्ने । |
| | सङ्कलन/उत्खनन् स्थलको सङ्ख्या<br>Number of Collection/Extraction Sites | |
| | सङ्कलन/उत्खनन् गरिने सामग्रीहरू : (Materials to be Extracted) | ढु`ा, गिट्टी, वा बालुवा मध्य कुन कुन सामग्री उत्खनन्/सङ्कलन गरिने हो उल्लेख गर्ने । |
| | प्रस्तावतअर्न्तगतका कार्यहरू (Proposal Component Activities) | प्रस्ताव अर्न्तगतका कुन कुन कार्य( सङ्कलन/उत्खनन्/ढुवानी) गर्ने हो उल्लेख गर्ने । |
| | प्रभावित गा.वि.स./नगरपालिका/बस्ती आदि<br>(Affected VDCs/ Settlements) | |
| ५. | IEE प्रतिवेदनको वैधानिकता (Validity of the IEE Report) | यो IEE प्रतिवेदन कहिलेदेखि कहिलेसम्म वैधानिक रहन्छ उल्लेख गर्ने । |

## २.३. प्रस्तावको विवरण (Proposal Description):

### २.३.१. प्रस्तावको उद्देश्य (Objectives of the Proposal):

(प्रस्तावित कार्यको उद्देश्य वु"दागत रुपमा उल्लेख गर्ने : जस्तै, जल उत्पन्न प्रकोपको न्यूनीकरण, ढु`ा, गिट्टी तथा बालुवाको दिगो एवं वातावरणमैत्री सङ्कलन/उत्खनन् गर्ने आदि । )

### २.३.२. प्रस्ताव क्षेत्रको अवस्थिति (Proposal Location) M

(देशको कुनै मुख्य सहरदेखि प्रस्तावित क्षेत्रको दूरी, प्रस्ताव क्षेत्रको अक्षांश, देशान्तर आदि उल्लेख गर्ने एवंसङ्कलन/उत्खनन् क्षेत्रलाई नक्शामा देखाउने ।)

२.३.३.प्रस्तावित क्षेत्रमा यातायातको पहु" च **(Proposal Component Accessibility):**

ढु` ा, गिट्टी, बालुवा, सङ्कलन/उत्खनन् क्षेत्रमा पुग्नका लागि उपलव्ध बाटोघाटोको विवरण उल्लेख गर्ने ।)

२.३.४. प्रस्तावको क्षेत्र निर्धारण **(Delineation of Zone of Influence) (ZoI):**

प्रस्तावित क्षेत्रमा कहा‘‘देखि कहा‘‘सम्मको भूभागबाट सङ्कलन/उत्खनन् कार्य गरिने हो, स्पष्टरुपमा उल्लेख गर्ने । निर्धारित क्षेत्रको क्षेत्रफल उल्लेख गर्ने । प्रस्तावित क्षेत्रलाई वातावरणीय प्रभावको आधारमा उच्च प्रभाव क्षेत्र(High Impact Area: HIA),न्यून प्रभाव क्षेत्र(Low Impact Area: LIA),वा अन्य क्षेत्रमा छुट्याउने । हरेक सङ्कलन/उत्खनन् क्षेत्रलाई उपर्युक्त टोपो नक्शामा देखाउने ।)

**२.३.५.सङ्कलन/उत्खनन् र ढुवानी (कार्य र विधि) (Collection/Extraction and Transportation (Activities and Methods):**

(सङ्कलन/उत्खनन् गरिने ठाउ"को सङ्ख्या, सङ्कलन/उत्खनन् एवं ढुवानी गर्ने विधि उल्लेख गर्ने । सङ्कलन/उत्खनन् कार्यमा के कस्ता सामग्री वा मेसिनरी औजार तथा उपकरण प्रयोग गर्ने हो सो उल्लेख गर्ने ।)

**२.४. प्रस्ताव क्षेत्रमा ढु"ा, गिट्टी तथा बालुवाको दिगो उत्खनन्/सङ्कलन (Sustainable Collection/Extraction of Sand, gravel and Boulder in the Proposal Area):**

**२.४.१. प्रस्ताव क्षेत्रमा हाल कायम उत्खनन्/सङ्कलन कार्य (Existing Activities of Sediment Extraction from Proposal Area) :**

(विगतमा र हाल उक्त क्षेत्रबाट सङ्कलन/उत्खनन् गरिंदै आएको छ/छैन ? छ भने उत्खनन्/सङ्कलन गरिंदै आएको स्थानको विवरण, उत्खनन्/सङ्कलन एवं ढुवानीको तरिका, उक्त कार्यमा प्रयोग भएका जनशक्तिको विवरण खुलाउने । तल दिएको जस्तै तालिका बनाएर हालको र प्रस्तावित सङ्कलन/उत्खनन् कार्यलाई दा"ज्ने )

| **कार्यहरू**<br><br>**(Activities)** | **हालको प्रचलन र विधि**<br><br>**(ExistingPractices/Methods)** | **प्रस्ताव गरिएको प्रचलन र विधि (Proposed Practices/Methods)** |
|---|---|---|
| **सङ्कलन/उत्खनन् क्षेत्रहरू**<br><br>Collection/Extraction Sites | | |
| **सङ्कलन/उत्खनन् विधि/प्रविधि**<br><br>Collection/Extraction Methods | | |

**२.४.२. ढु"ा, गिट्टी तथा बालुवाको सङ्कलन/उत्खनन् ठेक्कापट्टाबाट हुने आयको प्रचलन (Trend of Revenue Collected from the Bidding Amount):**

यदि प्रस्तावित क्षेत्रमा पहिलेदेखि नै ढु"ा, गिट्टी तथा बालुवा उत्खनन्/सङ्कलनका लागि जिल्ला विकास समिति (जि.वि.स.) ले ठेक्का दिने गरेको छ भने सोको विवरण एवं सोबाट जि.वि.स.लाई भएकोआयको तालिका बनाएर प्रस्तुत गर्ने ।

२.४.३.सङ्कलन/उत्खनन् गरिने परिमाणको आंकलन **(Estimation of Quantity of Extraction of Sediment):**

(सङ्कलन/उत्खनन् गरिने ढुंगा, गिट्टी तथा बालुवाको परिमाणको आंकलनका लागि प्रयोग गरिएको गणितीय सूत्र वा अन्य विधि जे छ त्यो उल्लेख एवं वर्णन गर्ने । त्यसैगरी हरेक सङ्कलन/उत्खनन् क्षेत्रबाट गरिने सङ्कलन/उत्खनन्को दैनिक एवं वार्षिक परिमाण तालिका बनाएर प्रस्तुत गर्ने । )

## अध्याय तीन (Chapter 3)

### ३. अध्ययन विधि (Study Methodology):

**३.१. प्रकाशित/उपलब्ध जानकारी र तथ्याङ्कको पुनरावलोकन एवं संश्लेषण (Review and Synthesis of Secondary Information and Data):**

**प्रकाशित, उपलब्ध के के स्रोतबाट कस्ता कस्ता तथ्याङ्क एवं जानकारी लिइयो उल्लेख गर्ने ।**

**३.२. फिल्ड सर्भे एवं प्रस्ताव क्षेत्र निरीक्षण (Field Survey and Site investigation):**

**IEEअध्ययन टोलीले गरेको फिल्ड सर्भे एवं प्रस्ताव क्षेत्र निरीक्षणबारे जानकारी दिने ।**

**३.३. सार्वजनिक सूचना, जनपरामर्श एवं सिफारिस-पत्रहरू (Public Notice, Public Consultation and Recommendation Letters):**

IEE सम्बन्धी कुनै पनि राष्ट्रिय दैनिकमा प्रकाशित गरिएको १५ दिने सूचना, प्रस्ताव क्षेत्रको फिल्ड सर्भे एवं निरीक्षणका क्रममा गरिएको जनपरामर्श एवं प्रभावित गा.वि.स./ नगरपालिका (न.पा.) हरूबाट प्रस्ताव कार्यान्वयन गर्नका लागि प्राप्त सिफारिस-पत्रबारे जानकारी दिने ।

**३.४. तथ्याङ्क विश्लेषण प्रभावहरूको पहिचान/अनुमान/मूल्याङ्कन, प्रभाव न्यूनीकरण विधिहरूको पहिचान सुझाव एवं प्रतिवेदन तयारी (Data Analysis, Identification/Prediction/Evaluation of Impacts, Identification/ Suggestion of Mitigation Measures and Reporting):**

## अध्याय चार (Chapter 4)

### ४. विधान, नीति, कानुनी व्यवस्था, निर्देशिका, मापदण्ड एवं सम्मेलनहरूको पुनरावलोकन(Review of Legislation, Policies, Laws and Guidelines):

(ढुंगा, गिट्टी, बालुवा सङ्कलन/उत्खनन् कार्यसँग सम्वन्धित विधान नीति, कानुनी व्यवस्था, निर्देशिका, मापदण्ड एवं सम्मेलन उल्लेख गर्ने र ती दस्तावेजहरूमा उक्त कार्यहरूको वातावरणीय पक्षसँग सम्वन्धित भई गरिएको व्यवस्था उल्लेख गर्ने । )

## अध्याय पाँच (Chapter 5)

### ५. वस्तुगत वातावरणीय अवस्थाको बयान (Description of the Existing Environmental Conditions):

प्रस्ताव क्षेत्रको भौतिक जैविक, रासायनिक एवं सामाजिक, आर्थिक तथा सांस्कृतिक वातावरणका निम्न पक्षहरूको बयान गर्ने ।

#### ५.१.१. भौतिक वातावरण (Physical Environment):

- भूस्थिति (Topography)

- माटोको प्रकार एवं भूगर्भ (Geology and Soil Types)
- जलाधार क्षेत्र (Basin Hydrology)
- जलवायु/हावापानी (Climate)
- हावा र पानीको गुणस्तर एवं ध्वनिको मात्रा (Air and Water Quality and Noise Level)
- भू-उपयोग (Land Use)

### ५.१.२. जैविक वातावरण (Biological Environment):

- वन तथा वनस्पति : प्रस्ताव प्रभावित क्षेत्रमा पाइने वनस्पति एवं वनको विवरणउल्लेख गर्ने ।
- प्रस्ताव प्रभावित क्षेत्रमा पाइने वन्यजस्तु, जलचर तथा माछाको सूची वनाउने ।
- प्रस्ताव प्रभावित क्षेत्रमा पाइने दुर्लभ, लोपोन्मुख एवं संरक्षित प्रजातिहरूको सूची बनाउने ।

### ५.१.३. सामाजिक, आर्थिक तथा सांस्कृतिक वातावरण (Socio-economic and Cultural Environment):

- प्रस्ताव क्षेत्रको/प्रभावित गा.वि.स.को जनसङ्ख्या (Population):
- जात/जनजाति (Caste and Ethnicity):
- शिक्षा एवं साक्षरता (Education and Literacy):
- पेशा, धर्म (Occupation, Religion):
- ऊर्जा, बिजुली एवं सञ्चार (Electricity, Energy and Communication):
- खानेपानी एवं स्वास्थ्यको सुविधा (Drinking Water Supply and Health Facility):
- यातायात र पहु" चमार्ग (Transportation and Road Access):
- धार्मिक, सांस्कृतिक एवं ऐतिहासिक स्थलहरू (Religious, Cultural and Historical Sites):
- अन्य सामुदायिक संरचना/स्थलहरू (Other Community Infrastructures):

नोट : यस बाहेकका अन्य असरहरु पर्न सक्ने भए सो पनि उल्लेख गर्ने ..................................

## अध्याय छ (Chapter 6)

### ६. प्रस्ताव कार्यान्वयनका विकल्पहरू (Alternatives for the Implementation of the Proposal):

प्राविधिक/आर्थिक सम्भाव्यता एवं वातावरणीय स्वीकार्यताजस्ता बिषयमा केन्दित रही निम्न ब"ुदाहरूको समीक्षा गर्ने .

६.१ प्रस्तावकार्यान्वयन नगर्ने (No Proposal option)

६.२ प्रस्तावका विकल्पहरू (Proposal Alternatives)

६.२.१ वैकल्पिक क्षेत्र (Alternative Site)

६.२.२ वैकल्पिक समय-तालिका एवं विधि (Alternative schedule and process)

६.२.३ वैकल्पिक सम्पदा (Alternative Resources)

## अध्याय सात (Chapter 7)

## ७. प्रभाव पहिचान, अनुमान एवं मूल्याङ्कन (Impact Identification, Prediction and Evaluation):

**जलवायुलाइ सम्बोधन गर्ने केहि सूचाकं पनि राख्ने जस्तै : बाढि आउन सक्ने सम्भावना, तारन्तरता तथा प्रभवित क्षेत्रका गरिव सामुदायको अनुकुलन क्षमता**

**(ढुँ ा, गिट्टी, बालुवा सङ्कलन/उत्खनन् एवं ढुवानी गर्दा वातावरणमा पर्न सक्ने निम्न प्रभावहरू हेर्ने र उल्लेख गर्ने । )**

| क.स. | विषयवस्तु | प्रभाव | तरिका/विधि | प्रभाव वढोत्तीकरण/ न्यूनीकरण गर्ने उपायहरू |
|---|---|---|---|---|
| **क) भौतिक वातावरण** **(Physical Environment) :** | | | | |
| १) | बाढी एवं अन्य जलउत्पन्न प्रकोप | बढ्छ/न्यूनीकरण हुन्छ | कसरी (कारण उल्लेख गर्ने) | |
| २) | नदीको वहाव/बाटोमा आउने प्रभाव | नकारात्मक/सकारात्मक | कसरी (कारण उल्लेख गर्ने) | |
| ३) | भिरालोपन | स्थिरता/अस्थिरता | कसरी (कारण उल्लेख गर्ने) | |
| ४) | भौतिक संरचनामा हुने असर | नकारात्मक/सकारात्मक | कसरी (कारण उल्लेख गर्ने) | |
| ५) | पानी तथा सरसफाइ | प्रदूषण वढछ/घट्छ | कसरी (कारण उल्लेख गर्ने) | |
| ६) | धुलोपन एवं ध्वनि | बढ्छ/घट्छ | कसरी (कारण उल्लेख गर्ने) | |
| ७) | सङ्कलन/उत्खनन् सामग्रीको भण्डारणको प्रभाव | नकारात्मक/सकारात्मक | कसरी (कारण उल्लेख गर्ने) | |
| ८) | फोहोरमैला एवं खेरजाने सामग्री | प्रदूषण बढाउ“छ/घटाउ“छ | कसरी (कारण उल्लेख गर्ने) | |
| | | | | |
| **ख)** | **सामाजिक आर्थिक एवं सांस्कृतिकवातावरण** **(Socio-economic and Cultural Environment):** | | | |
| १) | आयस्रोतको एवं रोजगारीको अवसर | बढ्छ/घट्छ | कसरी | |
| २) | बाटो/सडक सङ्सञ्जाल | बढ्छ/घट्छ | कसरी | |
| ३) | जि.वि.स. को आयस्रोत | बढ्छ/घट्छ | कसरी | |

| | | | | |
|---|---|---|---|---|
| ४) | विकास निर्माण सामग्रीको उपलब्धता | बढ्छ/घट्छ | कसरी | |
| ५) | धार्मिक/सांस्कृतिक एवं ऐतिहासिक स्थल | कस्तो असर पर्छ | कसरी | |
| ६) | पेशागत स्वास्थ्य एवं सुरक्षा | सुधारिन्छ/विग्रन्छ | कसरी | |
| ७) | जनसङ्ख्या विस्थापना | हुन्छ/हु“दैन | कसरी | |
| ८) | खेतीयोग्य जमिन एवं कृषिजन्य सामग्री | नाश हुन्छ/हु“दैन | कसरी | |
| ९) | कामदारबीच झैझगडा | हुन्छ/हु“दैन | कस्तो अवस्थामा | |
| १०) | नदीको वरपर बस्ती विस्तार एवं नदी अतिक्रमण | हुन्छ/हु“दैन | उल्लेख गर्ने | |
| ११) | पैदलयात्रीको सुरक्षा | बढ्छ/घट्छ | कसरी | |
| | | | | |
| **ग)** | **जैविक वातावरण (Biological Environment):** | | | |
| १) | माछा एवं अन्य जलचरमा पर्ने प्रभाव | सकारात्मक/नकारात्मक | कसरी | |
| २) | वन्यजन्तुको आवत-जावत | कस्तो प्रभाव पर्छ | कसरी | |
| ३) | गैरकानुनी सिकार | सम्भावना छ/छैन | कसरी | |
| ४) | वन्यजन्तु एवं वनपैदावारको गैरकानुनी व्यापार | सम्भावना छ/छैन | कसरी | |
| | | | | |
| **घ)** | **रासायनिक वातावरण** ९ऋजभष्अबि भ्लखष्चयलकभलत०स् | | | |
| १) | इन्धन, लुब्रिकेन्ट्स्, अम्ल तथा अन्य रसायनहरूको चुहावट | हुन्छ/हु“दैन | कसरी | |
| २) | धुलो एवं धुवा“ उत्सर्जन | हुन्छ/हु“दैन | कसरी | |

नोट : अन्य प्रसंग भए सो पनि उल्लेख गर्ने

## अध्याय आठ (Chapter 8)

### ८. प्रभाव बढोत्तीकरण एवंन्यूनीकरण गर्ने उपायहरू(Impact Mitigation and Enhancement Measures):

पहिचान गरिएका हरेकको प्रभाव सकारात्मक भए बढोत्तीकरण र प्रभाव नकारात्मक भएन्यूनीकरण गर्ने उपायहरू उल्लेख गर्ने । त्यसैगरी सकारात्मक एवं नकारात्मक प्रभावका लागि निम्नानुसारको प्रभाव ‘म्याट्रिक्स’ बनाउने ।

## सकारात्मक प्रभावको लागि बनाउनुपर्ने 'म्याट्रिक्स'को नमुना

| **क्रियाकलाप** | **सकारात्मक प्रभावहरू** | **सम्वन्धित सकारात्मक असरहरू** | **प्रभावको प्रकार** Type of Impact (*) | | | | | **प्रभाव वढाउने उपाय** | **उपाय कार्यान्वयन गर्न लाग्ने खर्च (ने.रु.)** | **जिम्मेवारी** |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | प्रकृति | आकार | विस्तार | अवधि | कूल योगफल/कति महत्वपूर्ण | | | |
| सङ्कलन/ उत्खनन् | बाढी एवं अन्य जल उत्पन्न प्रकोपको न्यूनीकरण | कम जनधनको क्षति | प्रत्यक्ष (D) | मध्यम (M) (२०) | स्थानीय (L) (२०) | लामो समय (LT) (२०) | (६०) मध्यम रुपमा महत्वपूर्ण (M. Significant) | तलिम, जनचेतना, दिगो एवं वातावरण मैत्री सङ्कलन/ उत्खनन् | | जि.वि.स.र ठेकेदार |

नकारात्मक प्रभावको लागि बनाउनुपर्ने 'म्याट्रिक्स'को नमुना

| क्रियाकलाप | नकारात्मक प्रभावहरू | नकारात्मक प्रभावहरू | प्रभावको प्रकार Type of Impact **(*)** | | | | | प्रस्ताबित न्यूनीकरणका उपायहरू | प्रभावन्यूनीकरण खर्च (ने.रु.) | जिम्मेवारी |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | प्रकृति | आकार | विस्तार | अवधि | कूल योगफल/कती महत्वपूर्ण | | | |
| सङ्कलन/ उत्खनन् | पानी प्रदूषण एवं सरसफाइमा कमी | फोहोर वातावरण, सरुवा रोग फैलन सक्ने सम्भावना | प्रत्यक्ष (D) | मध्यम (M) (२०) | स्थानीय (L) (२०) | (LT)लामो समय (२०) | (६०) मध्यम रुपमा महत्वपूर्ण (M. Significant) | सार्बजनीक सौचालयको निर्माण | | जि.वि.स. र ठेकेदार |

**अध्याय ( (Chapter 9)**

### **९. वातावरणीय व्यवस्थापन योजना (Environmental Management Plan):**

प्रस्ताव क्षेत्र एवं प्रभावित क्षेत्रको वातावरणीय व्यवस्थापन कार्यका लागि जिम्मेवार कार्यालयहरू र व्यवस्थापनको योजना प्रस्तुत गर्ने ।

९.१. वातावरणीय व्यवस्थापनका लागि जिम्मेवार निकायहरू :-(कार्यालयको नाम र सम्वन्धित जिम्मेवारी उल्लेख गर्ने)

९.२ अनुगमन तथा वातावरणीय व्यवस्थापन योजना र समय-तालिका :- निम्नानुसारको तालिका बनाएर प्रस्तुत गर्ने)

| क.स. | अनुगमनको प्रकार (Type of Monitoring) | विषयवस्तु (Parameters) | सूचक (Indicators) | तरिका/विधि (Procedure) | समय तालिका (Schedule) | कूल रकम Cost (NRs. | जिम्मेवारी (Responsibility) |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |

**९.३. अनुगमन र न्यूनीकरणको खर्चको विवरण :**

(अनुगमन एवं प्रभाव न्यूनीकरण गर्नका आवश्यक खर्चको विवरण तालिकामा प्रस्तुत गर्ने ।)

**९.४. वातावरणीय व्यवस्थापन योजना कार्यान्वयनका लागि जिम्मेवार निकायहरूको सङ्गठनात्मक स्वरुप**

(चार्टको रुपमा प्रस्तुत गर्ने ।)

## अध्याय १०(Chapter 10) :

### १०. निष्कर्ष एवं सुझावहरू (Conclusion and Recommendation)

(IEE अध्ययनबाट आएका निष्कर्षका साथसाथै प्रस्ताव कार्यान्वयनका लागि सुझाव उल्लेख गर्ने । )

## सन्दर्भ सामग्रीहरू (References):

(IEE अध्ययनका एवं प्रतिवेदन तयारीको क्रममा प्रयोगमा ल्याइएका सन्दर्भ-सामग्रीहरू उल्लेख गर्ने ।)

## अनुसूची (Annexes):

अनुसूची १ : ToR स्वीकृत पत्रं

अनुसूची २ : परीक्षण सूची/ जा"च सूची एवं प्रश्नावली

अनुसूची ३ : सार्वजनिक सूचना

अनुसूची ४ : सम्वन्धित संस्थाहरूबाट प्राप्त सिफारिस-पत्रहरू

अनुसूची ५ : स्वीकृत कार्यसूचीको छाया"प्रति (फोटोकपी)

अनुसूची ६ : संकलन क्षेत्र तथा छलफल गरिएका सान्दर्भिक फोटोहरू

अनुसूची ७ : सम्वन्धित नक्साहरूको छाया"प्रति

अनुसूची ८ : अध्ययनको क्रममा सम्पर्क राखिएका व्यक्तिहरूको सूची

अनुसूची ९ : विज्ञबाट प्राप्त सुझाव एवं सुझाव कार्यान्वयन सम्बन्धि बुँदाहरु